

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



बालबालिका हराएमा, बेवारिस फेला परेमा, निश्शुल्क टेलिफोन नम्बर १०४ मा फोन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन २२ गते शनिवार // मृत भस्म नबन्दैमा भिक्तको भैकन बल्नुछ // 2021 March 06 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९०


## भेडाहा र सिंघाही खोला उत्खननको स्वीकृति

प्रस, पर्सागढी, २१ फागुन/

वीरगंज महानगरपालिका–३१ स्थित दुवै खोलामा उत्खनन अर्को निर्णय नहुन्जेलसम्म रोक्का राखेको थियो । भइरहेको छ भने पर्सागढी नगरपालिका अन्तर्गत सिंघाही खोलामा दुई



सिंघाही खोलामा उत्खनन गर्दै । तस्वीरः प्रतीक

भेडाहा खोला र पर्सागढी नगरपालिकाको सिंघाही खोलामा नदीजन्य पदार्थको उत्खनन पुनः शुरू भएको छ ।

ठेक्का लागेर खोला उत्खनन हुँदै आएकोमा ठेक्का सकार गर्दा प्रारम्भिक वातावरणीय परीक्षण रिपोर्टको मापदण्डविपरीत कार्य भएको भन्दै जिल्ला अनुगमन समितिले माघ २० गते

जिल्ला अनुगमन समिति, पर्साका संयोजक जिल्ला समन्वय समितिका सभापति नेक महम्मद अन्सारीले कार्यविधि बनाएर खोलाको उत्खनन मापदण्ड अनुसार गर्न निर्देशन दिंदै शुरू भएको बताए ।

वीरगंज महानगर–३१ भेडाहा खोलामा एक साताअगाडिदेखि उत्खनन दिनअघिदेखि उत्खनन शुरू भएको अनुगमन समितिका संयोजक अन्सारीले बताए । उनले कार्यविधि बनाइएको र सो पालना भए नभएको बारेमा नियमित अनुगमनको जिम्मेवारी स्थानीय तहलाई दिइएको तथा सोविपरीत गर्नेलाई कसूर अनुसार कारबाई गर्ने कार्यविधिमा उल्लेख रहेको बताए ।

## उपचारपछि सिंहको एउटा आँखाले देख्न छाड्यो

प्रस, वीरगंज, २१ फागुन/

वीरगंज महानगर–१५ भिस्वा निवासी त्यहाँका चिकित्सक डा अमर क्याललले आँखामा इन्जेक्सन लगाएपछि उनले देख्न नसक्ने बताएपछि यसबारेमा किरण आँखा अस्पतालमा बुझ्न गएको तर



एउटा आँखा गुमाएका वीरेन्द्र सिंह र शुक्रवार बन्द अवस्थामा किरण आँखा अस्पताल । तस्वीरः सौजन्य

४१ वर्षीय वीरेन्द्र सिंहले एउटा आँखा गुमाएका छन् । वीरगंज–१६ नगवास्थित किरण आँखा अस्पतालमा उपचार गराउने क्रममा उनले आँखा गुमाउनुपरेको बताए ।

दुई साताअघि आँखा दुखेपछि किरण आँखा अस्पतालमा चेकजाँच गराएको र छाडेको बताए । किरण आँखा अस्पतालमा उपचार गराउँदा आँखाले देख्न छाडेपछि वीरगंजका अन्यत्र आँखा अस्पतालमा पनि देखाएको र त्यहाँका चिकित्सकहरूले आँखा निको हुन नसक्ने भनी बताएको पीडित सिंहले बताए ।

अन्यत्रका चिकित्सकले आँखाले देख्न चिकित्सकहरू कोही नभेटिएको उनले बताए । उनले आफूहरू आँखा अस्पतालमा आउँदै गरेको जानकारी पाएर चिकित्सकहरू फरार भएको बताए ।

एउटा आँखा गुमाएका सिंहले यसविरुद्ध कारबाई प्रक्रिया अगाडि बढाउने बताएका छन् ।

## २ महिलासहित १२५ जनाद्वारा रक्तदान

प्रस, पोखरिया, २१ फागुन/

पर्साको पोखरिया नगरपालिका र बाराको बारागढी गाउँपालिकामा नेपाल प्रमुख सौरभराज पाण्डेले बताए ।

पोखरियामा नेपाल विद्युत् प्राधिकरण, सशस्त्र प्रहरी, नेशनल रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्रमुख उदयराज शर्माले बताए ।

रक्तदान कार्यक्रममा अनिल गिरी,




पोखरिया (बायाँ) र बारागढी (दायाँ)मा आयोजित रक्तदान कार्यक्रम । तस्वीरः प्रतीक

रेडक्रस सोसाइटी उपशाखाले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित १२५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक माइक्रो फाइनान्स र पोखरिया नगरपालिकाको सहकार्यमा नेपाल रेडक्रस सोसाइटी पोखरिया उपशाखाले आयोजना गरेको रक्तदान कार्यक्रममा ८३ जनाले जनार्दन गिरी, रमाकान्त महतो, बृजेश साह कानू, प्रमेन्द्र थारू, उमेश चौहान, प्रभात पटेल, हरिकिशोर चौहान, धीरेन्द्र

(बाँकी पाँचौं पातामा)

## रेलमार्ग निर्माणका लागि सर्भे कार्य पुनः सुचारु

प्रस, निजगढ, २१ फागुन/

रेलमार्ग निर्माणको लागि रोकिएको सर्भे कार्य शुक्रवारबाट पुनः सुचारु भएको छ । बकैया खोला किनार ड्यामको पूर्वी किनारलाई समाउँदै रेलमार्ग लैजाँदा मानवबस्ती, निजी खेतीयोग्य जमीन नपर्ने, तटबन्धको दीर्घकालीन समस्यासमेत समाधान हुने गरी रेलमार्ग लैजाँदा उपयुक्त हुने भन्दै सर्भे कार्य सुचारु गरिएको हो ।

यसअघि मानवबस्ती, खेतीयोग्य जमीनबीचबाट कोही कसैलाई जानकारी नै नदिई सर्भे गरेसँगै स्थानीयहरूले अवरोध गर्दै रोकेका थिए । त्यसपछि रेल विभाग काठमाडौंका महानिर्देशक प्रमिला बज्राचार्य, रेलमार्गका लागि युसिङ कोरियन सर्भे कन्सल्ट्यान्टका मुख्य सर्वेयर मिस्टर कु, मिस्टर सोन, रेल विभागका सिनियर डिभिजन इन्जिनीयर देवेन्द्रप्रसाद साह, नेपाली सर्भे कन्सल्ट्यान्टका जियोलोजिस्ट अच्युत कोइरालासहितको प्राविधिक टोलीले निजगढको बकैया खोलाको पूर्वीतर्फको क्षेत्रको स्थलगत अनुगमन गत फागुन ९ गते गरेको थियो ।

सो अनुगमनमा निजगढका प्रमुख पौडेलले बताए ।

निजगढमा स्थानीयहरूले रेलमार्ग पीडित सरोकार समिति नै गठन गरी



सर्भे गर्न पुगेको टोली र साथमा स्थानीयहरू । तस्वीरः प्रतीक

सुरेशकुमार खनाल, रेलमार्ग पीडित सरोकार समिति निजगढका पदाधिकारी, स्थानीयसमेत थिए । स्थलगत अनुगमन गर्नुअघि निजगढ नपामा भएको सो टोलीसँगको छलफलमा बकैया खोलापारि पश्चिम किनारलाई पहिलो प्राथमिकतामा राखी सर्भे गर्ने भनिए पनि कुनै हानिनोक्सानी नहुने भन्दै बकैया खोलाको पूर्वी किनारबाट सर्भे गर्दा कुनै समस्या देखिए पारिबाट गर्ने सरकारी र कन्सल्टेन्सी टोलीले बताएपछि अहिले रोकिएको सर्भे थालिएको हो ।

निजगढ नगरपालिकामा भएको सहमति अनुसार नै रेलमार्ग लैजाने गरी सर्भे भएको टोलीका इन्चार्ज सुरज सम्बन्धित रेल विभाग, प्रशासन कार्यालय, स्थानीय तह निजगढ नगरपालिकालाई समेत ज्ञापनपत्र बुझाइसकेको छ । राष्ट्रिय गौरवको आयोजना मेची–महाकाली विद्युतीय रेलमार्ग अन्तर्गतको रौतहटको चोंचासम्म ठेक्का लगाइसकेको छ । निजगढ–हेटौंडा–भरतपुर लैजाने गरी सर्भे कार्य गरिने रेल विभागले जनाएको छ । सो सर्भे कार्यका लागि निजगढ नपाको तर्फबाट दुईजना प्राविधिक खटाइएको छ । रेलमार्गको लागि कम्तीमा पनि ५० मिटर चौडाइको भूभाग आवश्यक पर्ने र ३५० मिटर दायाँ–बायाँको क्षेत्रलाई समेटी सर्भे गर्नुपर्ने जनाइएको छ ।

## अनाथालयलाई बालबालिकाको खान्गी पुऱ्याउन नै धौधौ

प्रस, गरुडा, २१ फागुन/

रौतहटको गरुडामा स्थापित वंशीराम जयसवाल अनाथालयले आउँदो चैतको पहिलो हप्तामा रजतजयन्ती समारोहको आयोजना गर्दैछ । २०५२ चैतमा स्थापित यस अनाथालयले अभावको अनेक शृङ्खला पार गरिसकेको छ तर पनि अभावले सताउन छोडेको छैन ।

निरन्तर अनाथको सम्पूर्ण सेवा गरिरहेको यस निस्स्वार्थ संस्थामा खाद्यान्न अभाव सदैव भइरहन्छ । अनाथालयले सहयोग पाउँदै नपाउने होइन, सर्वसाधारणको निरन्तर सहयोग पनि पाइरहेको छ तर अनाथ बालबालिकाको सङ्ख्या धेरै भएको यस संस्थामा मानवीय समस्याहरू भने आइरहन्छन् ।

"एक दिनको दुई छाकमा झन्डै १५ किलो चामल खर्च हुन्छ, एक बोरा चामलले मुश्किलले दुई दिन टर्छ," अनाथालयको रेखदेख गर्ने नवयुवक



रौतहटको गरुडास्थित वंशीराम जयसवाल अनाथालय । तस्वीरः प्रतीक

हृदयनारायण कश्यप भन्छन् । उनी थप्छन्– बालबालिका धेरै छन्, यसैले गर्दा खाद्यान्न अभाव भइरहन्छ ।

धेरै मनकारी तथा धनकारीहरूले आफ्नो जन्मदिन, विवाहोत्सव, छोरा वा छोरीको जन्मदिन तथा अन्य शुभ अवसरहरूमा खाद्यान्न उपलब्ध गराउने गरेका छन् । आफ्नै खुशीले उपलब्ध गराउने चामल, दाल, तरकारी तथा अन्य साधनले अनाथालयमा बालबालिका पालिएका छन् ।

मौसम अनुसारको कपडा तथा चाडपर्व अनुसारको सामग्री पनि मानिसहरूले पुऱ्याइदिने गरेका छन् । अनाथालयप्रति दया लागेर तथा आफ्नो

(बाँकी अन्तिम पातामा)

## घूस लिएको आरोपमा पर्यटनका इन्जिनीयर पक्राउ

प्रस, हेटौंडा, २१ फागुन/

सेवाग्राहीसँग घूस लिएको आरोपमा हेटौंडास्थित पर्यटन विकास आयोजनाका सबइन्जिनीयर नेत्रप्रसाद लामिछाने पक्राउ परेका छन् ।

सेवाग्राहीसँग ५० हजार रुपैयाँ घूस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले शुक्रवार सबइन्जिनीयर लामिछानेलाई नियन्त्रणमा लिएको हो ।

निर्माण कार्य सम्पन्नपश्चात् धरौटी रकम भुक्तानी दिने क्रममा सेवाग्राहीसँग ५० हजार रुपैयाँ घूस लिइसकेको अवस्थामा आयोगको हेटौंडाबाट खटेको टोलीले नियन्त्रणमा लिएको आयोगका प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिए ।

घूस लिएको सुराक पाएपछि अख्तियारको टोलीले पर्यटन कार्यालय परिसरबाटै पक्राउ परेका लामिछानेमाथि अनुसन्धान गरिरहेको प्रवक्ता रिसालले बताए ।

**केही व्यक्ति तपाईंसँग यस कारण ईर्ष्या गर्छन् किनभने उनीहरूलाई तपाईंको कुरा तीतो लाग्छ ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## जग्गा दिने हो ?

**सुकुमबासीलाई जग्गा दिने र अव्यवस्थित बसोवास अर्थात् जग्गा उपभोग गरिरहेका तर धनीपुर्जा नपाएकाहरूलाई धनीपुर्जासमेत उपलब्ध गराउने गरी सङ्घीय सरकारले प्रक्रिया अगाडि बढाएको छ । केन्द्रीयस्तरमा आयोगका अध्यक्षलगायतका पदाधिकारी नियुक्त भएको एक वर्ष बितिसक्दा पनि काम अगाडि बढ्न सकेको थिएन । तर केपीशर्मा ओली नेतृत्व सरकारको कार्यकाल सम्भावित उत्तरार्द्धमा आइपुगेपछि जिल्लास्तरमा पदाधिकारी नियुक्तिका साथै स्थानीयस्तरमा लगत सङ्कलन शुरू भएको छ । आयोग गठन तथा नियुक्ति प्रक्रिया अनि तिनका बारेमा विरोध वा समर्थन बारेमा यहाँ चर्चा गर्न खोजिएको होइन । लगत सङ्कलन गर्न थालिएपछि देखिएका विकृति कसैबाट लुकेको छैन । सुकुमबासी र अव्यवस्थित बसोबासीको सङ्ख्या वृद्धि भइरहेको छ ।  पालिकाहरूमा नयाँ झुपडी बन्ने क्रम जारी छ । पालिकामा सुकुमबासीको नाम टिपाउने भीड छ ।**

**स्थानीय पालिकाहरूले 'भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलनसम्बन्धी कार्यविधि २०७७' बमोजिम आफ्नो क्षेत्रभित्रका सुकुमबासी, दलित सुकुमबासी, अव्यवस्थित बसोबासी र जग्गा क्षेत्रफलको विवरण, त्यसैगरी ऐलानी, सार्वजनिक, पर्ती, सरकारी तथा नदी उकास जग्गालगायतको विवरण तयार गरेर आयोगलाई उपलब्ध गराउने हो । आफ्नो क्षेत्रभित्रका नागरिकले सुकुमबासी वा अव्यवस्थित बसोबासीको सिफारिश माग्न आएमा वास्तविकता बुझेर कानूनसम्मत देखिए सिफारिश दिनुपर्छ । जग्गाधनी पुर्जा दिने अधिकार पालिकालाई छैन । अहिले कतिपय पालिकाका पदाधिकारीलाई नै आफ्नो अधिकार क्षेत्रबारे जानकारी नभएको जस्तो छ । पालिकाले जग्गा र पुर्जा दिने भनेर प्रचार गरिएका छन् । फलस्वरूप वास्तविक सुकुमबासीभन्दा पनि हुकुमबासीहरूले जग्गा कब्जा गर्ने र झुपडी खडा गर्ने होड चलेको छ । पुर्जा नभएको जग्गा खरीद गर्दै आफ्नो नाममा पुर्जा लिने भूमाफियाहरूको धन्दा पनि राम्रै चम्किंदो छ । यी सबै चर्तिकला स्थानीय सरकारको आँखा अगाडि भइरहेका छन, फेरि पनि त्यस्तैका लागि सिफारिश दिन पालिकाका पदाधिकारी आँतुर छन् ।**

**'भूमिहीन सुकुमबासी' भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्ना परिवारको स्वामित्वमा जग्गा जमीन नभएको र आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यसमेतलाई जनाउनेछ' कार्यविधिमा उल्लेख छ । त्यसैगरी, 'अव्यवस्थित बसोबासी' भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन दरिएको भए तापनि वर्षौंदेखि आबद्ध गरी घरटहरा बनाइ बसोबास गरेका व्यक्ति वा परिवारलाई सम्झनुपर्छ । ऊ वा उसको परिवारका सदस्यको अन्यत्र जग्गा, जमीन नभएको आधार हेर्नुपर्ने हुन्छ । कार्यविधि ऐन, कानून, आदेश र निर्देशिकामा भएको व्यवस्थाबाहेक गलत विवरण पेश गरेर जग्गा लिने व्यक्ति वा सिफारिशकर्तालाई भोलि जुनसुकै वेला पनि जग्गा जफतसहित दण्ड जरिवाना हुन सक्ने भूमिसम्बन्धी ऐन २०२१ मा स्पष्ट व्यवस्था छ । ऐन, कानून नमान्दा र नजान्दा लक्षित वर्ग उपेक्षित हुनेछन् भने कानून छल्नेहरू कहिल्यै ढुक्क हुन सक्दैनन् । अन्ततः यसले समाजमा अशान्ति र अविश्वास जन्माउँछ । यसप्रति अधिकारप्राप्त निकायले समयमा हेक्का राख्न जरुरी छ ।**

# प्रजातन्त्रले प्रजाको भावना खोइ बुझेको ?

स्वतन्त्र विचार



वैधनाथ ठाकुर
baidhnath2071@gmail.com

**यो व्यवस्थामा कहिले पनि सिङ्गो राष्ट्र र आम नेपाली समृद्ध हुनेछैन किनभने यो कथित लोकतन्त्र जनतन्त्र नै होइन हाम्रो गणतन्त्र वास्तवमा नेतातन्त्र हो र यो व्यवस्था रहेसम्म नेताहरू, दलालहरू मात्र समृद्ध हुनेछन् भन्न कुरो बुझ्न अब कसैले ढिलाइ गर्नुहुन्न ।**

'जनताद्वारा जनताको लागि जनताको सरकार'लाई प्रजातन्त्र भनिन्छ । सुन्दा वा पढ्दा यो कुरा साह्रै कर्णप्रिय, मानवतावादी तथा प्रजामुखी देखिन्छ । प्रजातन्त्रको यो परिभाषा अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनले दिएका थिए । परिभाषाको मूलभाव प्रजा अर्थात् जनताप्रति नै राजनीति उत्तरदायी हुनुपर्छ भन्नु हो । यस खालको प्रजातन्त्रलाई लेनिनको शब्दमा 'संसद् भनेको खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने स्थल हो' भन्ने भनाइ झट्ट सुन्दा गलत तथा पूर्वाग्रहले भरेको जस्तो लाग्छ । तर वास्तविकता यस्तो होइन ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने २००७ देखि २०७७ सालसम्म आइपुग्दा नेपाली जनताले थुप्रै प्रजातान्त्रिक सरकार देखेका छन् । के काङ्ग्रेस, के पञ्च, के कम्युनिस्ट, सबैले देशमा पालैपालो प्रजातन्त्रको नाम लिंदै शासन गरेकै हुन् तर कुनै पनि बेला सरकार प्रजामैत्री बन्न सकेको देखिएन बरु जहिले पनि भ्रष्टाचारमैत्री, तस्कर तथा माफियामैत्री, अपराधमैत्री व्यवहार सरकारबाट प्रदर्शन हुँदै आएको सर्वविदितै छ ।

यतिबेला एकचोटि फेरि भनिएको छ, देश ठूलो सङ्कटमा फस्नबाट जोगियो । सर्वोच्चको संसद् पुनर्स्थापनाको फैसलाले एकचोटि फेरि नेपालमा न्यायपालिका जीवितै छ भनिंदै छ र नेकपाका वरिष्ठ नेताहरू सार्वजनिकरूपमैं एकअर्कालाई लड्डुसमेत खुवाएर खुशियाली साटासाट नै गरे । तर यहाँनिर बिर्सन नहुने कुरा के हो भने नेपाली सार्वभौम जनताले नेपाल कम्युनिस्ट पार्टीलाई झन्डै दुई तिहाइ मत दिएर मुलुक चलाउने जिम्मा दिएको थियो, जुन अझै छ । तर जनताको यस अपार जनमतलाई जनताकै कथित जनप्रतिनिधिहरूले के गरे त ? जनताले २५–३० प्रतिशत मत मात्रै दिएको नेपाली काङ्ग्रेसको मुखिया शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन ठूलो कसरतमा नेकपाका नेताहरू लागेका छन् । के यही हो त प्रजातन्त्रको मूल भाव ?

यहाँनिर प्रश्न उठ्छ आखिर नेपाली जनताले किन नेपाल कम्युनिस्ट पार्टीलाई स्थायी शासक पार्टी बन्ने गरी मतदान गऱ्यो ? जुन कारणले जनता नेकपासँग टाँसियो, त्यो विषयहरूको अवस्था के छ ? नेपालमा पूर्वदेखि पश्चिम तथा उत्तरदेखि दक्षिण रेल दौडाउने कार्यको लागि गर्नुपर्ने प्रारम्भिक कार्य सम्पन्न भए ? नेपालका ठूलाठूला नदीहरूमा पानीजहाज चल्ने पूर्वाधारहरू तयार पारिए त ? नेपाली झन्डावाहक पानीजहाज समुद्रमा बङ्गालको खाडीमा ओहरदोहर गरिरहेको छ त ? नेपाली जनताको घरघरमा ग्यासको पाइपलाइन पुग्यो त ?

यी सबै प्रश्नको उत्तर नकारात्मक नै छ । कुनै पनि कुरा सकारात्मक छैन । जनता समृद्धितिर होइन गरीबीतिर अगाडि बढिरहेको छ । देश अधोगतितिर हिंड्दैछ । यस्तोमा प्रश्न उठ्छ कि नेपाल कम्युनिस्ट पार्टीले देशलाई माथि उठाउन सक्दैन भने नेपाली काङ्ग्रेस वा पूर्वपञ्चहरूले देश माथि उठाउँला त ? उनीहरूले देशले उँभो लगाउने भए जनताले किन कम्युनिस्ट पार्टीमा भोट हाल्यो । २०७४ सालको आमचुनावमा जनभावना भनौं वा जनलहर कम्युनिस्टको पक्षमा यस कारण उठेको होइन कि कम्युनिस्ट नेताहरूले काठमाडौंमा ठूलठूला महल बनाओस् । ऐशो आरामको जीवन सामन्तहरूलाई फेल गर्ने गरी निर्वाह गरोस् । मोजमस्तीमा डुबोस् । तर भयो के जनताको भावनामाथि कम्युनिस्ट पार्टीले सम्पूर्णरूपमा कुठाराघात गऱ्यो । पद र पैसाको झगडामा तीन वर्ष गुजाऱ्यो र अन्त्यमा स्वार्थको आन्तरिक कलह मिल्न नसक्ने भएपछि संसद् विघटन भयो । यतिबेला फेरि तिनै कथित एक नम्बरी कम्युनिस्टहरू जनताद्वारा चुनावमा प्रतिपक्षमा बस्न मतादेश पाएको नेपाली काङ्ग्रेस पार्टीको शरणमा गएर हारगुहार गरिरहेका छन् ।

नेपाली काङ्ग्रेस हिजोसम्म पर्ख र हेरको नीतिमा थियो । तर अब ऊ पनि भन्न थालेको छ– हामी तयार छौं । साथ सहयोग गर्नको लागि । नेपाली काङ्ग्रेसभित्र पनि दुई प्रकारका मत अहिले देखिन्छन् । एकातिर पार्टी अध्यक्ष शेरबहादुर देउवाले जहाँ सरकार बनाउने ग्रीन सिग्नल दिएको छ, त्यहीं रामचन्द्र पौडेल, गगन थापालगायतले पटक–पटक काङ्ग्रेसलाई धोका दिने कम्युनिस्टसँग गएर सरकार बनाउनेभन्दा प्रतिपक्षमा नै गएर बसेको राम्रो भन्दैछन् ।

भन्नलाई वर्तमानको राजनीतिक व्यवस्थालाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र भनिन्छ । तर वास्तवमा अझै पनि जनताको जीविकाको सवाल सरकारको वा संविधानको सरोकारको विषय बन्न सकेको छैन । देश कृषिप्रधान हो तर देशमा कृषकहरूले उखु मिललाई बेचेको उखुको पैसा माग्न वर्षौं बितिसक्दा पनि पाएका छैनन् । आफ्नै पैसा पाउनलाई किसानहरूले जाडोयाममा काठमाडौं धाएर आन्दोलन गर्नुपर्ने बाध्यता भएपछि कसरी सङ्घीय गणतन्त्र लोकतान्त्रिक भयो ?

संविधानले निश्शुल्क शिक्षाको व्यवस्था गरेको छ तर एकातर्फ निजी संस्थागत अति महँगा विद्यालयहरूले नागरिकको ढाड चर्को शुल्क असुलेर सेकिरहेका छन् भने अर्कोतर्फ देशभरिमा कुनै पनि सामुदायिक विद्यालयले आधारभूत तहसम्म पनि निश्शुल्क अध्यापन गराएको छैन । विभिन्न बहानामा शुल्क असुलिरहेको छ ।

संविधानमा सबैलाई रोजगारको कुरा पनि गरिएको छ । देशमा प्रधानमन्त्री रोजगार योजना पनि ल्याइएको छ तर देशमा रोजगार नपाएर लाखौं युवालाई विदेश पठाइएको छ । उनीहरूले देशमैं रोजगार पाएका भए मातृभूमि छाडेर बालबच्चा, घरपरिवार छाडेर कसलाई पो विदेशमा काम गर्न जाने रहर हुन्छ ?

यतिबेला एउटा कुरा सबैले बुझ्न जरुरी छ । एउटा व्यक्ति त्यो चाहे शासक होस् वा नेता अथवा भ्रष्ट कर्मचारी वा कुनै तस्कर माफिया । तिनीहरू मोटाएर न त देश धनी बन्छ, न समाज नै समृद्ध हुन्छ । वर्तमानको हामीले नै रगत बनाएर ल्याएको भनिएको संसारको सर्वोत्कृष्ट राजनीतिक व्यवस्था सङ्घीय लोकतान्त्रिक गणतन्त्र रहुन्जेलसम्म शासक वर्ग र यसको वरिपरि घेरा बनाएर बसेका चम्चाहरू मात्र समृद्ध हुने छन् । यो व्यवस्थामा कहिले पनि सिङ्गो राष्ट्र र आम नेपाली समृद्ध हुनेछैन किनभने यो कथित लोकतन्त्र जनतन्त्र नै होइन हाम्रो गणतन्त्र वास्तवमा नेतातन्त्र हो र यो व्यवस्था रहेसम्म नेताहरू, दलालहरू मात्र समृद्ध हुनेछन् भन्न कुरो बुझ्न अब कसैले ढिलाइ गर्नुहुन्न । सम्पूर्ण देश र समाज तबमात्र समृद्ध हुन सक्छ, जब वैज्ञानिक समाजवादी आर्थिक र राजनीतिक सांस्कृतिक व्यवस्था हुनेछ ।

# सरकार र नेकपाबीचको सहमतिमा हस्ताक्षर

काठमाडौं, २१ फागुन/रासस

प्रधानमन्त्री केपीशर्मा ओली र नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दका उपस्थितिमा दुवै पक्षबीच बिहीवार भएको सहमतिमा शुक्रवार हस्ताक्षर भएको छ ।

सहमतिपत्रमा सरकारका तर्फबाट गृहमन्त्री एवं वार्ता टोलीका संयोजक रामबहादुर थापा र सदस्य डा राजन भट्टराई तथा नेकपाका तर्फबाट वार्ता टोलीका संयोजक खड्गबहादुर विश्वकर्मा र उदय चलाउनेले आज राष्ट्रिय सभागृहमा आयोजित 'नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच सम्पन्न सहमतिमा हस्ताक्षर समारोह'मा हस्ताक्षर गरे । दुवै पक्षबीच प्रधानमन्त्री निवास बालुवाटारमा नेकपाले शान्तिपूर्ण राजनीतिक गतिविधि चलाउने र सरकारका तर्फबाट पार्टीका नेता, कार्यकर्ता रिहाइलगायत तीन बुँदे सहमति भएको थियो ।

### चन्द समूहका नेता, कार्यकर्ता रिहाइ प्रक्रिया शुरू

सरकारले नेत्रविक्रम चन्द समूहका गतिविधिमाथि लागेको प्रतिबन्ध हटेसँगै नेता, कार्यकर्ता रिहाइ प्रक्रिया शुरू भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार आवश्यक प्रक्रिया पुऱ्याएर उनीहरूलाई छाड्न थालिएको हो । "अदालतमा पुर्पक्षमा पुगेकाका हकमा मन्त्रिपरिषद्कै निर्णय आउनुपर्ला, प्रशासन कार्यालय अन्तर्गत रहेकाका हकमा जिल्लाबाट र अनुसन्धानका क्रममा रहेकाका हकमा सरकारी वकीलको कार्यालयमार्फत आवश्यक प्रक्रिया पुऱ्याएर छाडिनेछ," केन्द्रीय प्रहरी प्रवक्ता वसन्तबहादुर कुँवरले भने ।

कतिजनालाई आज रिहाइ गरियो भन्ने विवरण आइनसके पनि प्रक्रिया पुऱ्याएर रिहाइको क्रम भने शुरू भइसकेको जनाइएको छ । हप्ताअघि काठमाडौंमा पक्राउ परेका उक्त समूहका नेता धर्मेन्द्र बाँस्तोलालाई समेत आज काभ्रेपलाञ्चोकबाट रिहाइ गरिसकिएको छ ।

प्रहरीका अनुसार हाल चन्द समूहका १४४ जना नेता, कार्यकर्ता पुर्पक्षका लागि कारागारमा छन् । उसका १८ कार्यकर्ताविरुद्ध अनुसन्धान चलिरहेको छ । विसं २०७५ फागुनपछि प्रहरीले दुई हजार ८२ जना पक्राउ गरेको थियो । उनीहरूविरुद्ध दुई हजार मुद्दा दर्ता भएको थियो । तीमध्ये ९० जना सोधपूछपछि छुटेका र करीब एक हजार ८४० मुद्दा दर्तापछि छुटेका थिए ।



नेपाल सरकार र विद्रोही नेकपा विप्लव समूहबीच हस्ताक्षर कार्यक्रममा उपस्थित प्रमुख अतिथि प्रधानमन्त्री केपीशर्मा ओली र नेत्रविक्रम चन्द । तस्वीर: रासस

सरकार र चन्द समूहबीचको वार्तामा तीन बुँदे सहमति भएसँगै प्रधानमन्त्री निवास बालुवाटारमा बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले सो समूहमाथि लाग्दै आएको प्रतिबन्ध हटाएको थियो । त्यसअघि सरकार र नेकपाबीचको वार्तामा चन्द समूहका सम्पूर्ण गतिविधि शान्तिपूर्णरूपमा सञ्चालन हुने र सरकारका तर्फबाट उसका गतिविधिमाथि लगाएको प्रतिबन्ध फुकुवा गर्ने सहमति भएको थियो ।

सरकारले हिंसात्मक गतिविधि सञ्चालन गरेको जनाउँदै विसं २०७५ फागुन २८ गते समूहका गतिविधि सञ्चालनमा रोक लगाएको थियो ।

# प्रअ यादवको निधन, विद्यालयमा शोक

प्रस, गरुडा, २१ फागुन/

रौतहटको गढीमाई नगरपालिका–८ धोबिनियामा रहेको प्राथमिक विद्यालयका प्रधानाध्यापक महेन्द्रराय यादवको निधन भएको छ । क्यान्सर रोगबाट पीडित प्रअ यादवको बिहीवार घरमैं निधन भएको हो । प्रअ यादवको असामयिक निधन भएपछि गढीमाई नगरपालिकाले नगरभित्रका सम्पूर्ण विद्यालयमा शोक मनाउने निर्णय गरेकोमा शुक्रवार करीब दुई दर्जन सामुदायिक विद्यालयमा शोक मनाएर एक दिन विद्यालयको पठनपाठन बन्द गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले जानकारी गराए ।

प्रअ यादवको निधनप्रति नेपाल राष्ट्रिय शिक्षक सङ्गठन रौतहटले शोक विज्ञप्ति जारी गरेर पूर्व केन्द्रीय प्रतिनिधिको निधनले सङ्गठनलाई अपूरणीय क्षति भएको जनाएको छ ।



स्व. महेन्द्रराय यादव

सङ्गठनका रौतहट अध्यक्ष धर्मेन्द्रकुमार सिंहले प्रअ यादवको पार्थिव शरीरमा सङ्गठनको झन्डा ओढाएर सम्मान गरेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३४ | २०७७ फागुन २२ गते शनिवार | 2021 March 06 Saturday



## अर्द्धनारीश्वरदेखि दुईलिङ्गी चरोसम्म

स्वान्तः सुखाय



सञ्जय मित्र

mitrasanjay41@gmail.com

**यो कुनै धार्मिक मनोरञ्जन वा लेखकले आफ्नो दर्शनलाई स्पष्ट पार्न पाठकको ध्यानाकृष्ट गर्ने किसिमको फरक शरीरको पात्र सिर्जना गरेका होइनन्। यी दुवै स्वरूपको कल्पनालाई पनि कुनै दिन विज्ञानले प्रमाणित गर्न सक्ने सम्भावनातर्फ सङ्केत गर्दछ।**

मनुस्मृतिमा एउटा श्लोक यस्तो छ :

**द्विधा कृत्वाऽऽत्मनो देहमर्धेन पुरुषोऽभ्यत्: ।**

**अर्धेन नारी तस्यां स विराजमसृजत्प्रभुः ॥**

यसको भावार्थ के बताइएको छ भने ब्रह्माले आफ्नो शरीरलाई दुई भाग गरी आधाबाट पुरुष र आधाबाट नारी बनाएर त्यसमा विराट् पुरुषको सृष्टि गरे।

मानिसको सृष्टि वा सिर्जना कसरी भयो वा मानिसको विकासक्रम के हो भन्ने विषयमा अनेक वादविवाद रहेको छ। धर्मशास्त्र र विज्ञानले फरक-फरक तर्क राख्दै आएका छन्। मानवको उत्पत्ति कसरी भयो भन्ने विषयमा अनेक तर्क र बहसहरू लामो समयदेखि चल्दै आएको सत्य हो। सबै तर्क र सिद्धान्तलाई मान्नेहरू छन् र सबैमाथि प्रश्न उठाउनेहरू पनि छन्।

मनुस्मृतिको उपर्युक्त श्लोकबाट एउटा कल्पना उभिन्छ कि ब्रह्मामैं स्त्री र पुरुष दुवैको शक्ति थियो। ब्रह्मालाई सामान्यतया वृद्ध पुरुषको रूपमा चित्राङ्कन गरिएको पाइन्छ र यस श्लोकमा भनिएको जस्तो प्रस्तुति सितिमिति कुनै प्रसङ्गमा गरिएको पाइन्न। तर मनुस्मृति पनि हिन्दू धर्म-दर्शनमा दख्खल राख्ने ग्रन्थ भएकोले एकैचोटि ठाडै अस्वीकार गर्न पनि सकिन्न। यस ग्रन्थले ब्रह्मा एकै देवतामा नारी र पुरुष दुवै रूप भएको अवस्थाको स्पष्ट सङ्केत गरेको देखिन्छ।

हुनत ब्रह्मालाई सृष्टिकर्ता पनि भनिन्छ। मनुस्मृतिले पनि ब्रह्मालाई सृष्टिकर्ता मानेको छ। हिन्दू धर्मका अन्य शास्त्रहरूले पनि यस कुराप्रति सम्मति जनाएका छन्। स्रष्टामा मातृभाव हुन्छ। यसै कारण एक सर्जकलाई जननी पनि भनिन्छ। कुनै कला, साहित्य वा अन्य नवीन सिर्जना गर्नेलाई सर्जक वा स्रष्टा भन्नुका साथै त्यसका जननीको भाव भन्नुको तात्पर्य यो पनि हुन्छ कि त्यस सिर्जनाको रचना गर्भ के हो ? यसरी मातृत्वभाव खोजिएको वा भएको हुनु स्वाभाविक हो। यस अर्थमा कुनै पनि सिर्जनाका सर्जक महिला वा पुरुष जो भएपनि उनमा मातृभाव हुन्छ भन्ने देखिन आउँछ। भन्नुको तात्पर्य नारीमा पनि पुरुषको भाव र पुरुषमा पनि नारीको भाव हुन्छ। यही भावको अवस्थालाई ब्रह्माको कल्पना त्यसरी अर्द्धनारी वा अर्द्धपुरुषको मनुस्मृतिमा गरिएको होला वा मान्यता स्थापना भएको होला भन्ने अनुमान लगाइन्थ्यो। यसै सन्दर्भमा यो पनि उल्लेखनीय रहेको छ कि अर्द्धनारीश्वर भनेर सामान्यतया शिवलाई बुझाउँछ। हिन्दू शास्त्रहरूले अर्द्धनारीश्वरको कल्पना शिव र पार्वतीमा पनि गरेका छन्।



बजारमा सम्पूर्ण शरीरको एक भाग नारी र अर्को भाग पुरुष गरी एकै मानिसको स्वरूपमा शिव-पार्वतीको चित्र पाइन्छ। यस किसिमको चित्रले चित्रकारको विशिष्ट कल्पनालाई मात्र दर्शाउँदैन, हिन्दू मिथक वा शास्त्रलाई पनि स्पष्ट पार्दछ। अझ कतिपयले त अद्वैतवादको नमूना भनेर पनि प्रस्तुत गर्दछन्। यस रूपको पनि पूजा हुने गरेको छ र भारतको हिमाञ्चल प्रदेशको काँगडा जिल्लामा अर्द्धनारीश्वर महादेवको मन्दिर रहेको जानकारी पनि पाइन्छ। अर्थात् अर्द्धनारीश्वरको कल्पनालाई धार्मिक यथार्थमा पनि पाइएको छ। एकै शरीरमा आधा नारी र आधा पुरुषको कल्पनालाई पुष्टि गर्ने एउटा वैज्ञानिक घटना पनि हालै देखिएको छ, त्यो पनि अमेरिकामा।

एउटै शरीरमा भाले र पोथीको रङसहित अन्डाशय र डिम्बाशय दुवै अङ्गसमेत भएको चरा निकै दुर्लभ भएको छ तर दुवै लिङ्गी चरा भएको नर्थन कार्डिनल चराको बारेमा अमेरिकाका चराविद् जेमी हिलले हालै फोटो र अन्य जानकारी सार्वजनिक गरेका छन्। विगत करीब पाँच दशकदेखि चराको अध्ययन गरिरहेका जेमी हिलले दुवै लिङ्गी चरा भेटिनु निकै दुर्लभ भएको बताएका छन्। वंशानुगतरूपमैं दुई लिङ्गको यो चराको रङ बायाँमा भाले अङ्ग तथा दायाँमा पोथी अङ्ग रहेको पाइएको सार्वजनिक गरेका छन्। जेमी हिलको कुरालाई वेस्टर्न इलनोई विश्वविद्यालयका प्राध्यापक एवं अध्येता ब्रायन पियरले यस्तो असम्भव नभएको बताएका छन्।

विज्ञानमाथि आँखा चिम्लेर विश्वास गर्ने वा धर्ममाथि आँखा चिम्लेर विश्वास गर्ने दुवै फरक तर्क हुन सक्छन् तर जब दुवैले एकसाथ कुनै कुरालाई बताउँछन् भने मान्नुपर्ने हुन्छ कि धार्मिकशास्त्रका तर्कहरूमा सत्यता छ। मनुस्मृतिले ब्रह्माको आदि स्वरूपमा नारी र पुरुष दुवै भएको लेखेको, शिवका अनुयायीहरूले शिवलाई अर्द्धनारीश्वर मानेर त्यस स्वरूपको चित्रादि प्रचलनमा ल्याइसकेको मात्र नभई यस प्रकारको मन्दिरमा आदि युगदेखि पूजा हुँदै आएको र विज्ञानको उत्कर्ष मानिएको यस युगमा आएर अमेरिकामा नै दुई लिङ्गी चरो फेला परेको प्रसङ्गले कतै नयाँ सम्भावनाको ढोका उघारेको त छैन ? कतिपयले त के अनुमान लगाउन थालेका छन् भने हिन्दूशास्त्रहरूमा वर्णन गरिएका नृसिंह (आधा नर र आधा सिंह) तथा त्यस्तै गणेश (आधा नर र आधा हात्ती) तथा दुवै स्वरूपमा पनि प्रवृत्तिगत भिन्नताको पनि अध्ययनले कुनै दिन पुष्टि गर्न सम्भव छ। यो कुनै धार्मिक मनोरञ्जन वा लेखकले आफ्नो दर्शनलाई स्पष्ट पार्न पाठकको ध्यानाकृष्ट गर्ने किसिमको फरक शरीरको पात्र सिर्जना गरेका होइनन्। यी दुवै स्वरूपको कल्पनालाई पनि कुनै दिन विज्ञानले प्रमाणित गर्न सक्ने सम्भावनातर्फ सङ्केत गर्दछ। र जबसम्म यो प्रमाणित हुँदैन, तबसम्म तटस्थ किसिमले स्वीकार गर्नुपर्ने तर्क राख्छ।

अमेरिकी चराविद् जेमी हिलको खोजले पूर्वीय संस्कृतिका केही मान्यतालाई पुष्टि गरेको छ त ?

---

लघुकथा

## साथी

- जिसी हरि

"बाबु प्रिन्सटन ! यता आऊ त तिम्रो बेस्ट फ्रेन्ड अजय आएको छ," मम्मी एलिजाले भनिन्। सोही वाक्य एलिजाले २/३ पटकसम्म दोहोर्‍याउँदा पनि छोरो नआएकोले आफैं रिसले चुर्मुरिदै छोरासमक्ष पुग्छिन् र पुनः सोही वाक्य दोहोर्‍याउँछिन्। उता छोरो पनि रिसले चुर हुँदै भन्छ, "को मेरो बेस्ट फ्रेन्ड भन्नुभएको ? मेरो बेस्ट फ्रेन्ड त मसँगै छ त।"

हा..., को तेरो बेस्ट फ्रेन्ड ?

मेरो मोबाइल।

ए ! त्यो त मेरो मोबाइल हो।

कसरी तेरो बेस्ट फ्रेन्ड भो ?

अनि अजय को त ?

त्यो हाम्रो स्कूलमा पढ्ने कुनै विद्यार्थी होला, किनकि ड्रेस मिल्छ। तेरो कक्षामा पढ्ने र मिल्ने साथी त्यही पल्लो घरको अजय हैन र ?

म मेरो घरको गेटबाट खुसुक्क बसमा चढ्छु र बसभित्र लडिएला कि भनेर डन्डी समातेर उभिरहन्छु। अनि मलाई के थाहा को चढ्छ ? कहाँबाट चढ्छ ? कहाँ उभिन्छ ? र कहाँ फुत्त ओर्लन्छ। स्कूलमा गएर पनि खूब अनुशासनमा चुपचाप लागेर बस्ने हो। बोल्यो कि महीनाभरिको फीभन्दा बढी फाइन तिर्नुपर्छ। मलाई त किताबको लाइन मात्र याद छ। कक्षामा सर हो कि, रोबोर्ट हो कि, मेशिन हो कि के हो एकोहोरो बोलिरहेको मात्र सुन्छु।

छोरो एकोहोरो यस्तै फत्फताइरहन्छ।

आमा एलिजा अवाक् भएर सुनिरहन्छिन् र मनमनै गम्छिन्। कठैबरा ! कस्ता जमाना आए। हाम्रा पालामा पो साथीसँग रमाउँदै कथा भन्दै स्कूल जान्थ्यौं। पढ्थ्यौं। रमाइलो गर्थ्यौं। बेलुका गाउँभरिका साथीभाइ जम्मा भई विभिन्न खेल खेल्थ्यौं। तर आज यो शहरमा छोरो एक्लै छ। ऊ अनि उसको साथी मोबाइल।

प्युठान, हालः रौतहट

---

## प्राचीनकालमा तिलक, गौना र दोङ्गाको महत्त्व

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

**तिलक अर्थात् टीका लगाउनाले तन, मन र जीवनमा शुभ भावनाको प्रसार गर्दछ। तन्त्रशास्त्रको मान्यता अनुसार निधारमा तिलक लगाउनु आफ्नो इष्टदेवको चरण धारण गर्नु हो। यसले भक्त स्वयंले इष्टदेवको सानिध्य अनुभव गर्दछ। माङ्गलिक संस्कारमा तिलकरहित निधार अशुभ मानिन्छ।**

कालान्तरमा तिलक दहेजको आवरणमा थिएन। किनभने विवाहलाई धार्मिक अनुष्ठान मानिन्थ्यो। धार्मिक संस्कार अन्तर्गत दुलहालाई विवाहपूर्व तिलक गर्ने परम्परा थियो। विवाहमा धार्मिक संस्कार, पूजापाठ र लोकपरम्परा आदि उच्च प्राथमिकतामा थिए। बेहुला पक्षलाई पूज्य मान्ने उहिलेको मान्यता अहिले पनि निरन्तर छ। पुरोहित, हजाम र नितान्त आफन्तजनको उपस्थितिमा तिलकोत्सव हुन्थ्यो। एकाध सम्भ्रान्तजनबाट तिलकमा शुरू भएको दहेज प्रदर्शनको सङ्क्रमण समाजमा फैलिंदै गयो। एकअर्काको अनुसरण हुन थाल्यो। तिलकमा दहेज लिने/दिने मात्र होइन, प्रदर्शनजन्य परम्पराको सुरुआत भयो। तिलकोत्सव बिस्तारै दहेज प्रदर्शनको केन्द्र बन्दै गयो। तामझाम बढ्न थाल्यो। खर्चिलो बन्दै गयो। उच्च भीड र अकुत दाइजो प्राप्तिलाई 'सामाजिक औकात मापक यन्त्र' मान्न थालियो। अहिले अस्ताउँदो तिलकको प्रचलन 'छेका' र 'अँगुठी समारोह' जस्ता नयाँ स्वरूपमा उदीयमान छ।

तिलकलाई स्थानीय भाषामा 'तिल्काउने' अर्थात् तिलक गर्ने भनिन्छ। मधेसको सन्दर्भमा 'तिलक' अति प्रचलित शब्द हो। तिलक के हो ? भन्ने प्रश्नको जिज्ञासामा अपवादबाहेक मस्तिष्कमा दहेज लेनदेनको मनोभाव छताछुल्ल छ। चेतनामा दहेजरूपी मनोवृत्ति बसेको पाइन्छ। बेहुली पक्षसँग तय भएको दहेज तिलकमा पाइने/दिने मनोविज्ञान स्थापित छ।

### प्राचीनकालमा वैवाहिक परम्परा

प्राचीनकाल अन्तर्गत विवाहमा छोरीलाई गुप्तदान दिने प्रचलन थियो। दूरदर्शी ऋषिमुनिहरूले स्वार्थपकरता र दुष्टताको सम्भावनालाई मध्यनजर गरी गुप्तदानको नियम बनाए। दहेजदान सर्वथा गुप्त हुनुपर्छ भन्ने धारणा थियो। दहेजको विषयमा चर्चा गर्ने अधिकार कसैलाई पनि नहुने नियम स्थापित गरिएको थियो। पीठोको लोईभित्र एक रुपैयाँको दान पनि गुप्तदानको प्रतीकको रूपमा पर्याप्त थियो। दानको रूपमा के दिनुपर्छ भन्ने कुरा बेहुलापक्षले माग्ने वा सोध्ने अधिकार थिएन। न त त्यो सार्वजनिक गर्ने विषय थियो। गरीब-धनी जो भएपनि वा दानमा जे दिए पनि सार्वजनिक प्रदर्शन गर्ने परम्परा थिएन। आजको जस्तो कम पाए निन्दा र बढी पाए प्रशंसा वा अनुकरण वा प्रतिस्पर्धाको विषय थिएन। कालान्तरको विशुद्ध संस्कार समयसँगै विलुप्त हुँदैछ।

कालान्तरमा विवाह पाँच चरणमा क्रमशः देखासुनी, तिलक, विवाह, गौना र अन्तिम चरणमा दोङ्गा गर्ने परम्परा थियो। समयसँगै छेका वा पुजाई पनि थप भई वर्तमान अवस्थामा निरन्तरता पाइरहेको छ। विवाहको यावत् चरण स्थापित गर्नुको मुख्य कारण थियो, बालविवाह। विवाहका बखत बेहुला र बेहुलीको लालाबाला उमेर हुन्थ्यो। त्यसैले वरवधूलाई सहयोगस्वरूप गुप्तदान दिने प्रचलन रहेको अनुमान गर्न सकिन्छ।

### गौना र दोङ्गाको प्रावधान

गौना र दोङ्गाको विषयमा यहाँ जिकिर गर्नु आवश्यक छ। कालान्तरमा बेहुला र बेहुली पक्षको मन मिलेपछि नाबालक उमेरमैं विवाह गरिदिने प्रचलन थियो। शिक्षालय थिएनन्। त्यसैले शिक्षाको महत्त्व समाजमा स्थापित थिएन। समाज कृषिमा आधारित थियो। छोरा वा छोरीको विवाह अभिभावक वर्गको लागि नितान्त जिम्मेवारीपूर्ण अभिभारा थियो। हाम्रा पुर्खाहरू हामीभन्दा पनि विज्ञ थिए भन्नुपर्छ। किनभने उहिलेको सामाजिक अवस्थाअनुरूप सामाजिक व्यवस्थालाई प्रक्रियागत निरन्तरता दिए। उमेर बढेपछि 'गौना'मा बेहुलीलाई बिदाइ गराइन्थ्यो। गौना विवाहको सानो रूप हो। विवाह जस्तै भव्य हुँदैन। यद्यपि विवाहका सबै प्रक्रिया पूरा गर्नुपर्छ।



गौनाको जन्तीमा दुलहा र निकटतम आफन्त मात्र जान्छन्। बेहुला र बेहुलीको उमेर अनुसार सामान्यतया विवाहको पाँच वर्षपछि वा सोभन्दा बढीमा गौना हुन्थ्यो। विवाहको अन्तिम चरण अर्थात् 'दोङ्गा' हुँदासम्म वरवधू जिम्मेवारी बोध हुने उमेरका भइसक्थे। उहिलेको समाज शिक्षा आदिमा अहिलेको जस्तो विकसित थिएन। यद्यपि विवाहका यावत् चरणहरूले वैवाहिक प्रक्रिया पूर्णरूपेण वैज्ञानिकतामा अधारित थियो भन्ने आकलन गर्न कठिन छैन। हाम्रा पुर्खाहरूले वैज्ञानिकतालाई आत्मसात गरेको पाइन्छ। उमेर परिपक्व भइसकेपछि 'दोङ्गा' गर्ने प्रचलन थियो। दोङ्गाको जन्तीमा दुलहा र परिवारका सदस्यहरूमा दुलहाको कान्छो भाइ र ज्वाइँहरू मात्र जान्थे। अपवादबाहेक विगतका अनेक लोकमान्यता अहिलेको वैज्ञानिक युगमा समेत अकाट्य छन्।

### विगतदेखि वर्तमानसम्म

समयको गतिसँगै तिलकको मूलभूत उद्देश्य परिवर्तित हुँदै गयो। तिलक लेनदेनमा आधारित हुन थाल्यो। बेहुलीले तिलकमा दिन नसकेको नगद र अन्य सामग्री गौनामा दिनुपर्थ्यो। गौनामा पनि बाँकी रहेका सामग्री दोङ्गामा जसरी भएपनि पूरा गर्नुपर्थ्यो। दहेजको निहुँमा दुलहीलाई चरम यातनाजन्य आपराधिक क्रियाकलापहरू आधुनिक र शिक्षित समाजको उदाङ्गो चरित्रको पराकाष्ठा हो। कानूनी तन्त्रको उपहास हो। अहिले शिक्षा आदिमा सक्षम समाजबाट विकृतिहरू निर्मूल नहुनु विडम्बनापूर्ण हो।

उहिलेको 'गुप्तदान' अहिले 'गोप्य-माग'मा परिणत भएको छ। अहिलेको आधुनिक समाजमा संस्कृति, लोकमान्यता र परम्परा ओरालोलाग्दो छ। अचेल अपवादबाहेक विवाह भनेको लेनदेन र हैसियत प्रदर्शन आदिमा रूपान्तरित भएको छ। सकारात्मकतामाथि नकारात्मकता हावी छ। मानवीय अवचेतनमा 'तिलक, छेका, औंठी समारोह' आदि 'दहेज'को पर्यायवाची बनेका छन्। तिलकको वास्तविकता सङ्कुचित हुँदै गयो। तिलकको आध्यात्मिक र धार्मिक महत्त्व लुप्त हुँदै गयो। मधेसमा विभिन्न आवरणमा बेहुला-बेहुली पक्षबीच अदृश्य लेनदेन स्थापित छ। कानून बनेको छ तर कार्यान्वयन फितलो हुँदा विकृति झाङ्गिदो छ।

शिक्षाको विकाससँगै उहिलेका कतिपय सन्दर्भ परिवर्तन भएका छन्। जुन अहिलेको आवश्यकता हो। जस्तै वैवाहिक उमेर कानूनले तोकिदिएको छ। बालविवाह वर्जित छ। यद्यपि तिलकको मूलभूत उद्देश्य दहेजमा परिणत हुँदै गयो। अर्थात् दहेज लेनदेनको कारण 'तिलक' बदनाम छ।

अन्ततोगत्वा, कानूनले 'तिलक'लाई असामाजिक गतिविधि ठहर गरेको छ। 'सामाजिक व्यवहार (सुधार) ऐन, २०३३' मा तिलक लिन/दिन हुँदैन अङ्कित छ। अतः तिलकको वास्तविक भावार्थ कानूनी परिभाषामा समेत द्विविधापूर्ण छ। तिलक भनेको के हो ? वर पूर्वाभिमुख तथा तिलक गर्ने पिता/दाइ/भाइ आदि पश्चिमाभिमुख बसेर धार्मिक संस्कार अनुसार निधारमा टीका लगाउनु नै तिलक हो। यावत् प्रसङ्ग हिन्दू धार्मिक ग्रन्थहरूमा उल्लेख रहेको पाइन्छ।

### तिलक के हो ?

हिन्दू धार्मिक मान्यता अनुसार तिलक कार्य प्राचीन परम्परा हो। हरेक शुभ कार्य र अनुष्ठान आदि धार्मिक कार्यको थालनीपूर्व तिलक लगाइन्छ। यो प्रश्न उत्पन्न हुनु स्वाभाविक हो कि तिलक किन लगाइन्छ ? के यसको वैज्ञानिक रहस्य पनि छ ?

वास्तवमा तिलक लगाउनुको आध्यात्मिक र वैज्ञानिक कारणहरू छन्। आँखीभुइँको बीच भागमा तिलक लगाइन्छ। अध्यात्म अनुसार, यो आज्ञा चक्रको स्थान हो। यहाँ भगवान् विष्णुको निवासस्थान हुन्छ। तिलकको रङ्गको पनि महत्त्व उत्तिकै छ। रातो रङ्गको तिलक जहाँ ऊर्जा, शक्ति, पराक्रम र शुभत्वको प्रतीक मानिन्छ। त्यस्तै, पहेंलो रङ्गको तिलक ज्ञान, विवेक र सदाचारको प्रतीक हो। चन्दनको तिलकले पवित्रता, वैराग्य र ईश्वरभक्तिलाई अभिव्यक्त गर्दछ। तिलकले अनुहारको सौन्दर्यमा पनि अभिवृद्धि गर्दछ। यसले सात्त्विक भावनाको प्रसार हुन्छ।

विज्ञान अनुसार तिलक लगाउनाले

(बाँकी चौथौ पातामा)

# द्रोण पर्व–३४


महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

ब्राह्मणमा सत्य, साधुहरूमा नम्रता र यज्ञमा लक्ष्मीको हुनु जसरी निश्चित छ, त्यसै प्रकार जहाँ नारायण छन्, त्यहाँ विजय पनि निश्चित छ। भोलि बिहान हुँदैमा मेरो रथ तयार रहोस्, यस प्रकारको प्रबन्ध मिलाउनुहोस्, किनभने हामीमाथि ठूलो काम आइपरेको छ।

तदन्तर अर्जुनले श्रीकृष्णासित भने– "भगवन्, अब तपाईं गएर सुभद्रा र उत्तरालाई सम्झाइबुझाइ गरेर उनीहरूको



शोकलाई साम्य पार्नुहोस्।" अनि धेरै उदास भई श्रीकृष्ण अर्जुनको शिविरभित्र गएर पुत्रशोकले पीडित आफ्नी बहिनीलाई ढाडस दिन थाले। उनले भने– "हेर बहिनी, तिमी र बुहारी उत्तरा दुवैले शोक न गर। कालद्वारा एक दिन सबैको यस्तै गति हुन्छ। तिम्रो पुत्र उत्तम वंशमा उत्पन्न, धीर, वीर र क्षत्रिय थियो, यो मृत्यु उसको योग्य नै भएको हो, त्यसैले शोकलाई त्याग गर। हेर, बडे बडे सन्त पुरुष तपस्या, ब्रह्मचर्य, शास्त्रज्ञान र सद्बुद्धिद्वारा जुन गतिलाई प्राप्त गर्न चाहन्छन्, त्यही गति तिम्रो पुत्रलाई प्राप्त भएको छ। तिमी वीरमाता, वीरपत्नी, वीरकन्या र वीरकी बहिनी हौ, कल्याणी, तिम्रो पुत्रलाई उत्तम गति प्राप्त भएको छ, तिमी उसको लागि शोक न गर। बालकको हत्या गर्ने पापी जयद्रथ यदि अमरावतीमा गई लुक्यो भने पनि अब अर्जुनको हातबाट ऊ बच्न सक्नेछैन। भोलि तिमीले सुनौली कि जयद्रथको टाउको छिनिएर समन्त पञ्चकबाट बाहिर गएर खसेको छ। शूरवीर अभिमन्युले क्षत्रिय धर्मको पालना गर्दै सत्पुरुषहरूको गति प्राप्त गरेको छ, जसलाई प्राप्त गर्नको लागि हामीहरू तथा अर्का शस्त्रधारी क्षत्रियहरूले पनि चाहना राख्दछन्। रानी बहिनी, फिक्री न गर र बुहारीलाई पनि धैर्य देऊ। अर्जुनले जस्तो प्रतिज्ञा गरेका छन्, त्यो ठीकै हो, त्यसलाई कसैले पनि परिवर्तन गर्न सक्दैन। तिम्रो स्वामीले जे गर्न चाहन्छन्, त्यो निष्फल हुन सक्दैन। मानिस, नाग, पिशाच, राक्षस, पक्षी, देउता र असुर पनि युद्धमा जयद्रथको सहायता गर्न आए पनि ऊ भोलि जीवित रहन सक्दैन।"

श्रीकृष्णको कुरा सुनेर सुभद्राको शोक झन् उर्लिएर आयो तथा उनी झन् अधैर्यपूर्वक विलाप गर्न थालिन्– "हो पुत्र, तिमीविना आज म मन्दभागिनी भइसकेकी छु। बाबु, तिमी त आफ्नो पिताझैं पराक्रमी थियौ र पनि युद्धमा कसरी मारियौ ? पाण्डव, वृष्णिवंशी तथा पाञ्चालवीरहरू छँदाछँदै तिमीलाई कसले अनाथझैं मार्‍यो ? आज भीमसेनको बललाई पनि धिक्कार छ। अर्जुनको धनुष धारण र वृष्णि तथा पाञ्चाल वीरहरूको पराक्रमलाई पनि धिक्कार छ। केकय, चेदि, मत्स्य र सृञ्जय वीरहरूलाई पनि धिक्कार छ।" यस प्रकार शोकबाट दुर्बल एवं दीनभावले विलाप गरिरहेकी सुभद्राको छेउमा द्रौपदी र उत्तरा पनि आइपुगिन्। अब त उनीहरूको शोकको सीमा नै रहेन। सबै क्वाँक्वाँ गरेर रुन थाले र उन्मत्त भई पृथ्वीमाथि लडेर बेहोश भए। उनीहरूको यो दशा हेरेर श्रीकृष्ण अत्यन्त दुःखित भए तथा उनीहरूलाई होशमा ल्याउनको लागि प्रयत्न गर्न थाले। उनले पानीको छिट्टा हानेर उनीहरूलाई सचेत पार्दै भने– "सुभद्रे, अब पुत्रको लागि शोक न गर। द्रौपदी, तिमीले उत्तरालाई सम्हाल। अभिमन्युलाई बडो उत्तम गति प्राप्त भएको छ। हामीले चाहन्छौं कि हाम्रो वंशमा जुन श्रेष्ठ पुरुषहरू छन्, ती सबैलाई पनि अभिमन्युको झैं गति प्राप्त होस्। तिम्रो महारथी पुत्र एक्लैले जुन काम गर्‍यो, त्यस्तै काम हामी र हाम्रा सुहृदहरूले पनि गर्न सकून्।"

सुभद्रा, द्रौपदी र उत्तरालाई यस प्रकारले आश्वासन दिएर भगवान् श्रीकृष्ण पुनः अर्जुनको छेउमा गएर भने– "अर्जुन, तिम्रो कल्याण होस्, अब गएर सुतिहाल, म पनि गइरहेको छु। यति भनेर उनले अर्जुनको शिविरको ढोकामा द्वारपालहरूलाई उभ्याइ अनेकौं शस्त्रधारी रक्षक तैनाथ गरिदिए। अनि उनले दारुक (श्रीकृष्णको सारथि)लाई साथमा लिएर आफ्नो छाउनीमा गई धेरैजसो कुरा विचार गर्दै शय्यामाथि पल्टिए। आधा रातपछि उनको निद्रा खुलिहाल्यो, अनि उनले अर्जुनको प्रतिज्ञाको स्मरण गरेर दारुकसित भने– "पुत्रशोकले व्यथित भएको कारणले अर्जुनले यो प्रतिज्ञा गरेको छ कि म भोलि जयद्रथको वध गरिहाल्नेछु तर द्रोणाचार्यको रक्षामा रहने पुरुषलाई इन्द्रले पनि मार्न सक्दैनन्। त्यसैले भोलि म यस्तो व्यवस्था गर्नेछु, जसबाट अर्जुन सूर्य अस्त हुनुभन्दा अगावै जयद्रथलाई मार्न सकून्। दारुक, मेरोलागि स्त्री, मित्र अथवा बन्धु–बान्धव आदि कोही पनि कुन्तीनन्दन अर्जुनभन्दा प्रिय छैनन्। यस संसारलाई अर्जुनविना म एकक्षण पनि हेर्न सक्दिनँ। यस्तो हुनै सक्दैन। अर्जुनको लागि म कर्ण, दुर्योधन आदि सबै महारथीलाई उनीहरूको घोडा र हात्तीहरूसहित मार्न सक्दछु। भोलि सम्पूर्ण दुनियाँले थाहा पाइहाल्नेछ कि म अर्जुनको मित्र हुँ।" क्रमशः...

## धन्यवाद सरकार ! - पुकार सुवेदी

धन्यवाद सरकार !
तेजाबले जलेका मेरा छालाहरूमा शीतल मलम लगाएकोमा
डढेका मेरा पीरहरूलाई बुझेकोमा
भत्किएका मेरा आशाहरूलाई विश्वासमा बदलिएकोमा
गुमेको मेरो आत्मसम्मान फर्काएकोमा
धन्यवाद छ सरकार !
ती ढुङ्गा नै पगाल्ने तेजाबको पीडामाथि थपिएको उपचारको महँगी खप्न नसकेर सम्झना दिदीझैं सम्झनामा सीमित कसैलाई बन्न नपर्ने वातावरण बनाएकोमा,
धन्य छ सरकार !
ती अन्धकारले ढाकेको मेरो भविष्यलाई प्रकाशतर्फ सारेकोमा
धन्यवाद छ सरकार !
रुद्राक्षका माला चुँडिएर छरिएरझैं छरिएका मेरा सपनाहरूलाई एक/एक वटा टिपेर जोगाइदिएकोमा
धन्यवाद सरकार !
आँसुसँगै रित्तिएका मेरा इच्छा र चाहनाहरूमा एक जोडी नयाँ सपना देखाएकोमा
धन्यवाद छ सरकार !
भयानक पीडा र भयबाट गुज्रिरहेका मेरा परिवारलाई साथ दिएकोमा
धन्यवाद छ सरकार !
पैसाको अभावमा उपचार गराउन नसकेका सङ्गीता मगरलाई उपचार हुने विश्वास दिलाउन सफल भएकोमा
तेजाबले बनाएको मेरो कुरूप मुहारमा मीठो मुस्कान छरिदिएकोमा
नामर्दको ती तेजाब छ्याप्ने हातहरूमा हतकडी लगाएकोमा
धन्यवाद छ सरकार !
पित सोच भएका अपराधीहरूलाई एकचोटि भेटेर बुझ्न मन छ,
मैले जे भोगे त्यो बढी हो कि उसले जे भोग्दैछ यो बढी हो ?

लघुकथा

## प्रतिगमन


लघुकथा
समीर पाखिन

कर्णे आज बिहानैदेखि थकित छ। ऊ आँगनमा बसेर घरीघरी हाइ...हाइ काँडिरहेको छ। बिहान सबेरै उठेर पँधेराबाट दुई–तीन गाग्री पानी ओसारिसक्ने कर्णेलाई आज जाँगर चलेको छैन।

"लिनोस् चिया। के भो ? बिहानै नून खाएको कुखुराजस्तो झोक्राउनुभएको छ नि ?" कर्णेकी पत्नी चमेलीले चिया टक्राउँदै प्रश्न गरिन्।

"दिनभरि घोक्रो फुलाइफुलाइ जिन्दाबाद ! आई लभ यू भनेर चिच्याएकोले होला जीउ फतक्क गलेको छ।"

"मल बोक्नुपर्ने मान्छे, दिनदिनै जुलूसमा हिंडेका छन्। म एक्लैबाट त हुँदैन है भनीदिएकी छु नि," चमेली फतफताउँदै भान्सातिर लागिन्।

"ल ल दिउँसोतिर बोकौंला," यति भनी कर्णे चिया पिउन थाल्छ। हुन पनि कर्णे मात्र होइन गाउँका लोग्ने मानिसहरू हिजोआज सबै काम लथालिङ्ग छाडेर घर लौरीमा हिंडेका छन्। जान्न भन्नसमेत नपाइने अवस्था आएपछि गरोस् पनि के ?

"पहिला एक भारी घाँस ल्याउँछु, त्यसपछि भात खान्छु र दिउँसोतिर मल बोक्नुपर्‍यो," उसले अठोट गरेको मात्र के हुन्छ एक हूल गाउँले आँगनमा देखा पर्छ।

"कर्णे, लौ लौ जानुपर्‍यो तयार भैहाल्नू," एउटाले फूर्तिका साथ भन्यो।

"हैन कहाँ जाने भन्या फेरि ?" कर्णेले झर्को मान्दै हूलतिर हेरेर सोध्यो।

"र्‍यालीमा," सबैले एकै स्वरमा भने।

"हैन हिजो मात्र दिनभरि हिंडेका होइनौं र ?"

"आ... म त जान्नँ। भात पनि खा'को छैन। म त एक डोको घाँस लिन जङ्गलतिर हिंडे," कर्णे डोको बोकेर हिंड्ने तरखर गर्छ।

"ए ! भनेपछि त प्रतिगमन पक्षधर रहेछस् होइन त ? ल मैले चिनें। हिंड केटाहरू यसलाई पछि हेरौंला," मुखिया जस्तो देखिने व्यक्तिले औंला ठड्याउँदै भन्यो।

सबैले हो मा हो थपे अनि आँगनबाट प्रस्थान गरे। कर्णे दङ्ग पर्‍यो। प्रथमतः उसले मुखियाको भाषा नै बुझेन। ऊ मुखियाको प्रतिगमन शब्दको अर्थ खोज्दै जङ्गलतिर लाग्यो।

# वीमनपा ठीक्क ! बिरालो भन्छ थुक्क


कुरोको चुरो
मुकुन्द आचार्य

वीरगंज वीरहरूको नगरी हो किनभने यसको नामको 'वीर' वीर शमशेरको नामकै मूल अंश हो। यसको न्वारन कसले, कहाँ, कसरी गरायो, त्यसको वीरता कुन विषयमा थियो, ती सब कुरा तपसीलका हुन्। हालसाल तिनलाई खोतलखातल पार्न जरुरी देखिन्न। त्यसो त अहिले सबै आफूलाई वीर (हीरो) नै ठान्छन्।

वर्तमानमा चहार्दा यो वीरगंज नगरी पहिलेको दाँजोमा निकै तन्किएको छ। पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशामा यसको तन्काइ निकै बढेको छ। चुइङ्गम भएको छ।

यसको आकार, प्रकारलाई उपध्रोसँग तन्काउने श्रेय यसको नगरीकरण–शहरीकरण गर्ने सोचलाई जान्छ। सबै दिशाबाट यहाँ आएर वीर भएर वीरतापूर्वक बस्ने सबै वीरबहादुर प्रशंसनीय छन्, वन्दनीय छन्। उनीहरू आआफ्नो जीवनचक्रमा खुङ्खार अपराधी हुन सक्लान्; तर त्यो खोतलखातल गर्ने काम हामी नगरौं। त्यो हाम्रो काम हैन।

अब कुरोको चुरोतिर लागौं। वीरगंज नगरपालिकाले उपध्रो उन्नति गरेको छ, यसमा रौं बराबर शङ्का गर्ने ठाम छैन। ठाउँ–ठाउँमा कालाचिल्ला सडकहरू दक्षिण भारतीयको अनुहारजस्तै टिलिक्क टल्केका छन्। अस्पताल, रोगी, विद्यालय, महाविद्यालय, होटेल, वाणिज्य–व्यवसाय, प्रहरी प्रशासन, अपराधी, तस्करी, नयाँ–नयाँ खाले अपराध, जस्तैः एकोहोरो प्रेमी दिवानाले केटीको अनुहारमा तेजाब खन्याइदिनु, केटीको अपहरण, हत्या र त्यसपछि डढाएर प्रमाण नष्ट पार्ने जस्ता साहसिक र वीरतापूर्ण कार्यहरू बेपत्तासँग बढेका छन्। वीरगंज त्यत्तिकै वीर भा'छैन।

यहाँ नयाँ–नयाँ धनीहरूको सङ्ख्या ह्वात्तै बढेको छ। सबै धनीमानी, जान्ने, बाठा, स्मार्ट, सुविधासम्पन्न, सोर्सफोर्स भएका छन् तर इमानदार, सज्जन, सक्कली नेता, कर्मठ कर्मचारी चै कता हराए कता। अपराधीहरू नेता बनेका छन्, नेताहरू लाइसेन्सप्राप्त अपराधी बनेका छन्। जतासुकै जानुस् मान्छेको हुल त देखा पर्छ तर सच्चा मानवता भएको यौटा पनि कोही झट्ट फेला पर्दैन।

अँ...! त्रिमूर्तिचोकबाट उत्तरतिर लाग्दा पश्चिमपट्टिको सडकमा यस्तै चिल्लो सडकमा यौटा घरेलु बिरालोको लाश चार/पाँच दिनसम्म लावारिस अवस्थामा, डिच्च हाँसेर वीमनपाको सरसफाइ विभागको बाटो हेरेर पर्खिबसेको बीभत्स दृश्य स्थानीय धेरैले देखे। एकातिर श्रद्धाको केन्द्र पीपल वृक्ष पर घृणास्पद मृत बिरालो !

प्रायः सधैं सरसफाइ कर्मचारीका डफ्फा ठाउँ–ठाउँमा देखिन्छन्। तर मूल सडकमा मरेको बिरालो हाँसिरहेको अवस्थाले वीमनपाको ध्यानाकर्षण कसरी गरेन। दृश्य उदेकलाग्दो मात्र हैन, धेरै प्रश्नको जन्मदाता पनि थियो।

सफाइ कर्मचारीले सोचे होलान्, जसको बिरालो हो, उसैले फोहर बटुल्ने वाहनमा हालोस्–फालोस्। बिरालोका धनीले सोचे मरेको बिरालो सुटुक्क सडकमा फालिदिऊँ वीमनपाको सफाइ समूहले लगिहाल्छ नि। बाटो हिंड्नेले सोचे, आ... यो मरेको बिरालोलाई कसले छोओस्। कोरोनाले पो मरेको हो कि ? बेफ्वाँकमा रिस्क किन लिनु ! बिरालोको मरण रहस्यमय बन्दै थियो।

वीमनपाले जनभावनालाई थामथुम पार्न सूचना निकाल्योः हाम्रा नगरवासीमा सरसफाइप्रति कतिको चेतना छ, त्यो बुझ्नलाई हामीले जानाजान मरेको बिरालो केही दिनका लागि त्यत्तिकै छाडिदिएका हौं। तर दुर्भाग्य के छ भने कुनै पनि नगरवासीले एक कल गरेर आफ्नो चेतनाको परिचय दिएन। तर हामी सचेत छौं। डराउनुपर्दैन, त्यो बिरालो कोरोनाले मरेको हैन। चाँडै त्यसलाई फाल्ने व्यवस्था मिलाइनेछ। बिरालोको आत्मालाई गहवामाईले शान्ति प्रदान गरून्।

'पशुपक्षीप्रति अत्याचार नगरौं !' भन्ने एक संस्थाले यस्तो सूचना निकाल्यो– बिरालोको लाश वीमनपाले अझै पाँच दिन ठेकान लगाएन भने हामी सडक आन्दोलन गर्न बाध्य हुनेछौं। वडाध्यक्षले सूचना प्रकाशित गरे– त्यो बिरालोको लाश हाम्रो वडाको सिमानाभन्दा एक हात पर भएकोले अर्को वडाको कार्यक्षेत्र र अधिकार क्षेत्रमा हस्तक्षेप गर्न चाहन्नौं।

## अहङ्कार

पिताले पुत्रलाई मूर्तिकला सिकाए। दुवै बजार जान्थे र आआफ्नो मूर्ति बेचेर फर्कन्थे। पिताको मूर्ति डेढ–दुई रुपियाँमा बिक्री हुन्थ्यो, तर पुत्रको मूर्तिको मूल्य आठ–दश आनाभन्दा बढी हुँदैनथ्यो। बजारबाट फर्केपछि पिताले पुत्रलाई उसको मूर्तिमा रहेको त्रुटिबारे सम्झाउँथ्यो र अघिल्लो मूर्ति बनाउँदा त्यो त्रुटि नदोहोर्‍याउन प्रेरित गर्दथ्यो। यो क्रम वर्षौंसम्म चलिरह्यो। पुत्र बाठो थियो, ऊ पिताको कुरा ध्यानले सुन्दथ्यो र आफ्नो कलामा सुधार गर्ने प्रयत्न गर्दथ्यो। केही दिनपछि उसका मूर्तिहरू पनि डेढ–दुई रुपियाँमा बिक्री हुन थाले।

पिता अहिले पनि उसलाई पहिलेझैं उसलाई आफ्नो कला तिखार्न भनिरहन्थ्यो र अझ सुधार गर्न प्रेरित गर्दथ्यो। पुत्रले झन् ध्यान दिन थाल्यो, र उसको कला झन् चम्किन थाल्यो। अब त उसका मूर्तिहरू पाँच–पाँच रुपियाँमा बिक्न थाले। सुधारका लागि सम्झाउने क्रम पिताले तब पनि छाडेन। एक दिन पुत्रले झर्किंदै भन्यो– "तपाईं त दोष देखाउने काम मात्र गरिरहनुभएको छ। मेरो कला त अब तपाईंभन्दा निकै राम्रो छ। मलाई पाँच रुपियाँ प्राप्त हुन्छ, तपाईंलाई भने त्यै दुई रुपियाँ मात्र।" पिताले भन्यो–"छोरा, म जब तिम्रो उमेरको थिएँ, तब मलाई आफ्नो कलाको पूर्णताको अहङ्कार भयो र मैले त्यसमा बढी सुधार गर्ने कुरा नै बिर्सें। तबदेखि मेरो प्रगति रोकियो र मैले दुई रुपियाँभन्दा बढीको मूर्ति बनाउन सकिनँ। मेरो इच्छा छ, तिमी पनि त्यही भूल न गर। आफ्नो त्रुटि बुझ्ने र त्यसमा निरन्तर सुधार गर्ने क्रम सदा जारी राख, जसले बहुमूल्य मूर्ति बनाउने श्रेष्ठ कलाकारहरूको श्रेणीमा पुग्न सकौ।"

# महिला शिक्षा किन जरुरी

- अमरनाथ पटेल

शिक्षालाई जीवनको प्रकाश भन्ने गरिन्छ। जुन शिक्षा महिलाहरूलाई दिइन्छ, त्यसलाई महिला शिक्षा भनिन्छ। कुनै पनि समाज, राष्ट्रको विकास गर्नका लागि सर्वप्रथम त्यहाँका महिलाहरूलाई शिक्षा प्रदान गरेर शिक्षित बनाउन निकै जरुरी हुन्छ। भनाइ नै छ, एक शिक्षित महिला एउटा बलिरहेको मैनबत्तीजस्तै हुन्छिन्। यसको तात्पर्य के हो भने जसरी एउटा बलिरहेको मैनबत्तीले हजारौं मैनबत्तीलाई बालेर उज्यालो बनाउन सक्छ, त्यसरी नै एक शिक्षित महिलाले आफ्नो परिवार र समाजलाई शिक्षित बनाउन सक्छिन्। त्यसैले नेपोलियनले भनेका थिए– "मलाई राम्री आमाहरू देऊ, म तिमीहरूलाई एउटा राम्रो राष्ट्र दिनेछु।" आजका महिलाहरू आगामी पुस्ताका आमाहरू हुन्। त्यसैले यदि महिलालाई शिक्षा दिइयो भने भोलिका पुस्ताहरू पनि शिक्षित हुनेछन्।

शिक्षित महिलाहरूले आफ्नो बच्चाहरूलाई राम्रो आचरण सिकाउनुका साथै भविष्यको एउटा जिम्मेवार र सक्षम नागरिक बनाउँछिन्। त्यसैले महिलाहरूलाई शिक्षा प्रदान गर्न निकै जरुरी हुन्छ। महिला र पुरुषबीच कुनै प्रकारको भेदभाव हुनुभएन। महिला र पुरुष एउटा रथका दुई पाङ्ग्राझैं हुन्छन्। यदि कुनै कारणवश एउटा पाङ्ग्रा बिग्रियो भने अर्को चल्न सक्दैन। महिला शिक्षाले लैङ्गिक भेदभाव नियन्त्रण गर्न टेवा पुर्‍याउँछ। यसका साथै यसले दाइजो प्रथा, बालविवाह, बेरोजगारीलगायतका सामाजिक समस्याहरू उन्मूलन गर्न अपरिहार्य भूमिका खेल्दछ।

महिलाहरूलाई पनि पुरुषसरह समान अवसर दिनुपर्छ। उनीहरूमा पनि धेरै प्रकारका प्रतिभाहरू लुकेर रहेका हुन्छन्। उनीहरूले पनि पुरुषसरह वा सोभन्दा बढी जे पनि गर्न सक्छन्। यदि हामी राम्रो, शान्त, सम्पन्न तथा सफल समाजको विकास गर्न चाहन्छौं भने महिलाहरूलाई शिक्षित बनाउन अत्यन्तै जरुरी छ। त्यसैले आआफ्ना छोरीहरूलाई विद्यालय तथा क्याम्पस पढ्न पठाउनुपर्छ।

## सुन्दर गाउँ समाजको परिकल्पना

- वैद्यनाथ महतो (कुशवाहा)

सुन्दर रमणीय सफा गाउँ
सुखी शान्त हामी आफैं बनाऔं
आफ्नो गाउँ हामी आफैं बनाऔं
आफ्नो गाउँलाई हँसिलो बनाऔं
देश समाजका लागि जो कार्य गर्छन्
देशसेवक सबले उनलाई भन्छन्
विकास कार्यमा गरौं योगदान
निस्स्वार्थ भावले गरी श्रमदान
गाउँमा शान्ति सुव्यवस्था बनाउन
सबैले सक्रियता पर्छ देखाउन
नभई सङ्कुचित होऊ उदार
गाउँ र देशको फेरौं अनुहार
हामी देशवासी एक होऔं
झगडा फूट हामी नल्याऔं।

*– सिसहनिया, कलैया उपमनपा–२५*

## गजल

- बैधनाथ ठाकुर

उज्यालो पाउन जूनको विश्वास गरें
जाडो छल्नको लागि ऊनको भर परें॥

एउटा शाही राजा सेतो हात्ती थियो
नेताजति सबै आज राजा महाराजा हरे

विभेद हटाएर समानता ल्याउने सपना
सङ्घीय गणतन्त्रमा नेताहरू आँखा तरे॥

चर्को भाषण ठोकेर हटाउने गरीबी
झुपडीका मसिहाहरू सिंहदरबारमा सरे

चाला नेतृत्वको हेर्दाखेरि हिजोआज लाग्छ
शहीदहरू तिनीहरूकै निम्ति मरे॥

प्रगतिनगर, वीरगंज–३

## प्राचीनकालमा......

मनुष्यको आज्ञाचक्र जागृत हुन्छ र उसको 'पिनियल ग्रन्थि' सक्रिय हुन्छ। शरीरका विभिन्न अङ्गमा सकारात्मक प्रभाव पर्दछ। साथै मनुष्यको मनोवृत्ति पनि सात्त्विक हुन्छ। तिलक अर्थात् टीका लगाउनाले तन, मन र जीवनमा शुभ भावनाको प्रसार गर्दछ। तन्त्रशास्त्रको मान्यता अनुसार निधारमा तिलक लगाउनु आफ्नो इष्टदेवको चरण धारण गर्नु हो। यसले भक्त स्वयंले इष्टदेवको सानिध्य अनुभव गर्दछ। माङ्गलिक संस्कारमा तिलकरहित निधार अशुभ मानिन्छ।

प्राचीनकालमा तिलकलाई विशेष शपथ र दृढ प्रतिज्ञाको निशानीको रूपमा ठानिन्थ्यो। युद्धमा जानुभन्दा अगाडि योद्धाहरूलाई तिलक लगाएर विधिवत् बिदाइ गरिन्थ्यो। अतः तिलक लगाउने प्रथा अध्यात्मको साथै विज्ञानसँग पनि घनिष्ठ सम्बन्ध रहेको पाइन्छ।

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा सङ्क्रमित पाँच महीनायताकै सबैभन्दा कम

वाशिङ्टन, २१ फागुन/एएफपी

संयुक्त राज्य अमेरिकामा पाँच महीनापछि पहिलोपटक कोभिड–१९ बाट दैनिक सङ्क्रमितको सङ्ख्या ४० हजारभन्दा कम पाइएको छ।



ब्रजीलको साओ पाउलोको खेलमैदानमा बनाइएको अस्थायी अस्पतालमा भर्ती भएका कोरोना सङ्क्रमितहरू। तस्वीरः एपी

खोप अभियान तीव्र बनाइएको अमेरिकामा अर्को चरणको सङ्क्रमण फैलिने आशङ्का भइरहेको अवस्थामा नयाँ विवरणले अमेरिकी अधिकारीहरूलाई खुशी तुल्याएको छ।

लकडाउन र अनेक किसिमका प्रतिबन्धबाट आम जनताको दैनिकी र देशकै अर्थतन्त्रमा नकारात्मक असर परिरहेको अवस्थामा पछिल्लो विवरण सार्वजनिक भएको हो।

विश्वमैं सबैभन्दा बढी असर परेको संयुक्त राज्य अमेरिकामा दैनिक सङ्क्रमितको सङ्ख्या यसै वर्षको जनवरी महीनाका सुरुआती दिनहरूमा दैनिक तीन लाखसम्म पुगेको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्यामा कमी र खोपको प्रयोग बढेसँगै अमेरिकाका धेरै राज्यले अनिवार्य मास्क लगाउने नियम हटाइदिएका छन्। तर राष्ट्रपति जो बाइडेनले यो सोचाइ पुरातनपन्थी रहेको भन्दै आलोचना गरेका छन्।

राष्ट्रपति बाइडेनले आफ्नो १०० दिने कार्यकालमा १० करोड मानिसलाई खोप लगाइसक्ने घोषणा गरेका थिए। युरोपमा भने खोप अभियानमा ढिलाइ भएको भन्दै आलोचना भइरहेको छ।

युरोपेली औषधि नियामक निकायले रसियाले विकास गरेको स्पुतनिक भी खोपको सम्भावनाबारेमा पनि अध्ययन भइरहेको जनाएको छ। यो खोप उपयुक्त देखिए युरोपमा स्पुतनिक भी खोपका लागि बाटो खुल्नेछ।

रसियाले युरोपेली औषधि नियामक निकायले अध्ययन गर्ने जनाएसँगै आफूले युरोपका लागि तत्कालै ५ करोड डोज खोप उपलब्ध गराउन सक्ने बताएको छ। युरोपेली युनियनले यसअघि तीन किसिमका खोपलाई अनुमति दिइसकेको छ। तर केही मुलुकले आफूखुशी चीन र रसियाबाट खोप ल्याएर वितरण गर्न थालिसकेका छन्।

युरोपमैं खोप अभाव भएको जनाउँदै इटालीले अस्ट्रेलियातर्फ पठाउन लागिएको अस्ट्राजेनिकाको खोप लैजान रोकेको छ। युरोपेली युनियनले अस्ट्राजेनिकाले युरोपेली मुलुकलाई बेवास्ता गरेको आरोप लगाएको छ। अस्ट्रेलियाली स्वास्थ्य मन्त्रालयका प्रवक्ताले युरोपेली युनियनको निर्णयप्रति रोष प्रकट गरेका छन्। अस्ट्राजेनिकाले अस्ट्रेलियालाई २ लाख ५० हजार डोज खोप पठाउन लागेको थियो। विश्व स्वास्थ्य सङ्गठनको युरोप शाखाले युरोपेली मुलुकमा कोरोना सङ्क्रमण फेरि तीव्र हुन थालेको चेतावनी दिएसँगै युरोपमा खोपको महत्त्व र आवश्यकता अरू बढेको छ।

सन् २०१९ को अन्त्यतिर चीनमा देखा परेको कोभिड–१९ को सङ्क्रमणबाट हालसम्म २५ लाखभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ।

### दक्षिण कोरियामा कोभिडको सङ्क्रमण केही घट्दो

सोल/सिन्ह्वा

दक्षिण कोरियामा कोरोना भाइरस (कोभिड–१९)का सङ्क्रमितहरूको सङ्ख्या पछिल्लो समयमा केही घटेको देखिएको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले सङ्क्रमित हुनेहरूको सङ्ख्यामा पछिल्ला सातामा केही कमी आएको जनाएका छन्।

प्राप्त समाचार अनुसार पछिल्लो २४ घण्टामा यहाँका ३८८ जनामा कोरोना भाइरसको सङ्क्रमण भेटिएको छ। यो सङ्ख्या यहाँ केही दिनयताको भने कम देखिएको छ। योसँगै यहाँ सङ्क्रमितहरूको सङ्ख्या ९१ हजार ६३८ जना पुगेको पनि बताइएको छ।

कोरियामा पछिल्लो साता हरेक दिन सङ्क्रमितको सङ्ख्या ४०० भन्दा तल झरेको छ। तर यो सङ्ख्या ३०० देखि ४०० सम्म रहेको पनि बताइएको छ। गएको २४ घण्टामा यहाँ ३८८ जना सङ्क्रमित थपिएका हुन्।

उनीहरूमध्ये केही विदेशबाट आएका व्यक्ति हुन्। यसैगरी, यहाँ पछिल्लो २४ घण्टामा आठजना व्यक्तिको मृत्यु भएको छ। योसँगै कोरियामा कोरोना भाइरस सङ्क्रमणबाट ज्यान जानेको सङ्ख्या एक हजार छ सय २७ जना पुगेको छ।

दक्षिण कोरिया सरकारले कोरोना भाइरस सङ्क्रमण रोक्न प्रभावकारी काम गरेको भन्दै शुरूका दिनहरूमा यहाँ यो भाइरसको सङ्क्रमण बढेको थिएन। पछिल्ला हप्ताहरूमा यहाँ यो भाइरसको सङ्क्रमण बढेको भएपनि पछिल्ला केही दिनमा भने कम भएको देखिएको छ।

दक्षिण कोरियाका स्वास्थ्यसम्बन्धी अधिकारीहरूले दिएको जानकारी अनुसार कोरोना सङ्क्रमितमध्ये १.७८ प्रतिशतको ज्यान गएको बताइएको छ। यहाँको सरकारले करीब ७० लाख नागरिकमा कोभिड सङ्क्रमणको परीक्षण (पिसिआर) गराएको जनाएको छ। रासस

## पोप फ्रान्सिस इराक प्रस्थान

रोम, २१ फागुन/एएफपी

ईसाई धर्मगुरु पोप फ्रान्सिस इराकका लागि रोमबाट शुक्रवार त्यसतर्फ प्रस्थान गरेका छन्। कोरोना भाइरसको सङ्क्रमण फैलिएपछि यो उनको पहिलो विदेश भ्रमण हो।

पोप फ्रान्सिसले इराकमा तीन दिन विभिन्न कार्यक्रममा सहभागी हुनुका साथै इराकी अधिकारीहरू र इस्लाम धर्मगुरुसँग भेटघाट गर्नेछन्।

उनले खासगरी इराकमा सदियौंदेखि रहेबसेका इराकी ईसाई धर्मावलम्बीहरूका दुःख पीडाका बारेमा छलफल गर्ने भ्याटिकनले जनाएको छ।

पोप फ्रान्सिसले इराकका शिते धर्मगुरु ग्रान्ड आयातोल्लाह अलि सिस्तानीसँग भेटवार्ता गर्ने इराकी अधिकारीहरूले बताएका छन्। इराक भ्रमणका क्रममा पोप फ्रान्सिसलाई कडा सुरक्षा प्रबन्ध गरिएको छ। रासस

## अफगानिस्तानमा २४ घण्टायता भएका हिंसामा ९० जना मारिए

काबुल, २१ फागुन/सिन्ह्वा

अफगानिस्तानमा गएको २४ घण्टायता भएका हिंसामा परी कम्तीमा ९० जनाको मृत्यु भएको छ। तालिबानी विद्रोही समूहले सरकारसँग वार्ता गरिरहे पनि अफगानिस्तानमा तालिबानहरूले हिंसात्मक घटनालाई निरन्तरता दिइरहेका छन्।

शुक्रवार दिइएको जानकारी अनुसार यहाँ गएको २४ घण्टायता भएका हिंसामा परी ती व्यक्तिको निधन भएको बताइएको हो।

यहाँको संस्था रिडक्सन इन भायोलेन्स (आरआइभी)ले शुक्रवार बिहान सो जानकारी दिएको छ।

रिभले भनेको छ, "गएको २४ घण्टायता अफगानिस्तानका विभिन्न क्षेत्रमा भएको तालिबानका आक्रमण लगायतका हिंसामा परी आठजना अफगान सर्वसाधारण नागरिक र पाँचजना यहाँको राष्ट्रिय सुरक्षा सङ्गठनका सदस्य पनि मारिएका छन्।"

साथै यो अवधिमा अफगानिस्तानको राष्ट्रिय सुरक्षा निकायले गरेको कारबाईमा परेर कम्तीमा पनि ७७ जना तालिबान मारिएका पनि बताइएको छ। सरकारी फौजले तालिबानका विरुद्धमा गरेको कारबाईमा परी ती तालिबान मारिएका हुन्।

अफगानिस्तानमा जारी रहेको युद्धको अनुगमन गरिरहेको सो संस्थाका अनुसार यी हिंसाका क्रममा थप ३३ जना नागरिक र ३१ जना तालिबान पनि घाइते भएका छन्।

गएको २४ घण्टायता मात्र अफगानिस्तानका विभिन्न पाँच प्रान्तका आठ स्थानमा हिंसात्मक आक्रमणहरू भएका थिए। अफगानिस्तानका ३४ प्रान्तमध्ये यहाँका पाँच प्रान्तमा गएको २४ घण्टायता मात्र हिंसात्मक हमलाहरू भएका थिए। रासस

## कानूनबमोजिम समस्याको समाधान –प्रजिअ पौडेल

प्रस, वीरगंज, २१ फागुन/

बाराका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जिल्लामा रहेका समस्याहरूलाई कानूनबमोजिम समाधान गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।

जिल्ला प्रशासन कार्यालय, बारामा शुक्रवार आयोजित पत्रकार सम्मेलनमा प्रजिअ पौडेलले आफ्नै सबै कामकारबाईहरू कानूनको परिधिभित्र रहेर हुने बताए।

उनले आफूले यो गर्छु, त्यो गर्छु भन्दा पनि प्राथमिकतामा कानूनलाई राखेर काम गर्ने बताए। उनले आफ्नो कार्यकालमा सुशासनको अनुभूति दिलाउने प्रतिबद्धता पनि जाहेर गरे। प्रजिअ पौडेलले भने, "मेरो कामकारबाईबाट तपाईंहरू खुशी हुनुहुनेछ र सन्तुष्टि प्रकट गर्नुहुनेछ।"



प्रजिअ पाण्डे।

## पूर्वविद्यार्थीले विद्यालयमा बिजुली जडान गरे

प्रस, ठोरी, २१ फागुन/

पर्साको ठोरी गाउँपालिका–७ गडुवालाइनमा रहेको बालप्रतिभा प्राविवरिपरि बिजुली जडान गरिएको छ। सोही विद्यालयमा २०५१ सालमा अध्ययनरत विद्यार्थीहरूको समूहले १२ हजार रुपैयाँको लागतमा ६ वटा पोलबत्ती जडान गरिएको पूर्वविद्यार्थी जीवन श्रेष्ठले बताए।

रमेश श्रेष्ठ, सोमबहादुर लामा, तोरण सुन्दास, अशोक बस्नेत, अमृत मगरले रु १२ हजार खर्च गरेर विद्यालयवरिपरि बत्ती जडान गरेका हुन्। एक दशकभन्दा लामो समयदेखि सो विद्यालयवरिपरि बत्ती नभएर समस्या भइरहेको थियो।



तस्वीरः प्रतीक

## १२ वटा पसललाई १ लाख ५ हजार जरिवाना

प्रस, वीरगंज, २१ फागुन/

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्साले १२ वटा पसललाई रु १ लाख ५ हजार जरिवाना गरेको छ।

निमित्त कार्यालय प्रमुख जीतबहादुर भण्डारी, इलाका प्रशासन कार्यालय हरिवन, इलाका प्रहरी कार्यालय वाग्मती, वाग्मती नगरपालिका सर्लाहीका प्रतिनिधिसहितको टोलीले वाग्मती बजार अनुगमन गर्दा उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ बमोजिम कसूर गरेका १२ वटा पसललाई रु १ लाख ५ हजार जरिवाना गरेको छ।

वाग्मती नपा–१२ स्थित ग्यास तथा जेनरल स्टोरलाई रु ५० हजार र थापा किरानापसल, मनोज कस्मेटिक, साजन किराना, कृष्ण फेन्सी जेनेरल, सन्दीप गल्ला भण्डार, दुर्गा किराना, विशाल किराना, गोले लामा ट्रेडर्स, वर्णवाल ट्रेडर्स, नमन ट्रेडर्स, वाग्मती भाँडापसललाई जनही रु ५/५ हजार जरिवाना गरिएको कार्यालयका सूचना अधिकारी दिलीपखड्ग खत्वेले जानकारी दिए।

## सहकारीको सभामा राज्यमन्त्री यादवमाथि अभद्र व्यवहार

प्रस, जनकपुरधाम, २१ फागुन/

जिल्ला सहकारी सङ्घ धनुषाको साधारणसभाका मुख्य अतिथि प्रदेश २ को भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्रराय यादवमाथि अभद्र व्यवहार भएको छ। सभामा दुई पक्षबीच झडप हुन खोज्दा समन्वय गर्ने प्रयास गरेका राज्यमन्त्री यादवमाथि नै आइलागेको हो।

सहकारी सङ्घका निवर्तमान अध्यक्ष हरिचन्द्र हरियौत यादवको समूहमाथि सङ्घको चल–अचल सम्पत्ति हिनामिना गरेको आरोप वर्तमान अध्यक्ष रामबाबू यादव नेतृत्वको समूहको छ। सङ्घका बहुमत सदस्यले आरोपसहित बितेको महीना नै हरियौतलाई अध्यक्ष पदबाट अपदस्थ गरी यादवलाई अध्यक्षमा चयन गरेका थिए।

शुक्रवार हरियौत पक्षले साधारणसभा गर्न थालेपछि यादव पक्षले अवरोध गरेको हो।

यही क्रममा दुई पक्षबीच झडपको अवस्था सृजना भएको थियो। फर्जी सदस्यहरूको आडमा हरियौत नेतृत्वको समूहले भ्रष्टाचार लुकाउन खोजेको भन्दै यादव समूहले भाँडभैलो शुरू गरेको थियो। मुख्य अतिथिकै अगाडि कुटाकुट हुन थालेपछि राज्यमन्त्री यादवले समन्वय गर्न खोज्दा राज्यमन्त्री यादवमाथि नै हातपात गर्न खोजेको प्रत्यक्षदर्शीहरूले बताए।

यादव समूहले भने गैरकानूनी साधारणसभालाई मन्त्री यादवको समर्थन रहेको आरोप लगाएका छन्। राज्यमन्त्री यादवले आफूमाथि हातपात नभएको र आफ्नो अवस्था ठीक रहेको बताएका छन्। घटनापछि जनकपुरधाम क्षेत्रमा प्रहरीले सुरक्षा व्यवस्था कडा पारेको थियो। निवर्तमान अध्यक्ष हरियौत र जिल्ला बचत सहकारी सङ्घका धनुषा अध्यक्ष ध्रुव यादवलगायतका पदाधिकारीले सहकारी जगेडा कोषको रु ४७ लाख, सहकारीको घरभाडाबापतको मासिक रु १ लाख ७२ हजार, राष्ट्रिय सहकारी बोर्डको अनुदान रकम रु २० लाख र सङ्घको १७ धुर जग्गा कौडीको भाउमा बेचेर रकम अनियमितता गरेको आरोप लगाएका छन्। आरोप–प्रत्यारोपका साथै झडपपछि कार्यक्रम स्थगित भएको थियो।

### २ महिलासहित.....

यादव, अजय यादवलगायतले रक्तदान गरेको प्रमुख शर्माले जानकारी गराए।

उपशाखाका सभापति भगवान्प्रसाद कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य प्रह्लाद गिरी, नगरप्रमुख दीपनारायण रौनियार, संविधानसभा सदस्य रामेश्वर रौनियार, ललन द्विवेदीलगायतको सहभागिता थियो।

यसैगरी, बारागढी नगरपालिकामा नेपाल रेडक्रस सोसाइटी बारागढी उपशाखाले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ४२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन्।

रक्तदान गर्नेहरूमा गीता राम, गोमा विष्ट, राजकिशोर चौधरी, भुपेन्द्र बैठा, हिम्मत मास्के, देवनारायण चौधरी, जितेन्द्र साह, जितेन्द्र राम, लोप्चन यादवलगायत रहेका छन्।

## शुक्रराज प्राविमा स्वास्थ्य शिविर

प्रस, वीरगंज, २१ फागुन/

सर्जिकल एन्ड केमिकल एशोसिएशन वीरगंजको आयोजनामा नगवामा एक दिने निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शुक्रराज प्राविमा आयोजित शिविरमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गर्नुका साथै औषधि, शैक्षिक सामग्री र फलफूल वितरण गरिएको थियो। शिविरमा डा कुशराज गिरी, डा नुरुल होदालगायतले ८० जना विद्यार्थीको स्वास्थ्य परीक्षण गरेको एशोसिएशनका अध्यक्ष सुशील खेतानले जानकारी गराए।

**Om Advertising**
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

**Poonam Arts**
......A Complete art Solution
- Flex Print
- Sticker Print
- Dps Board
- Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board

National Trading, Main Road, Birgunj
Ph: 051-525653




**Admission Open**
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – व्यापारवृद्धि |
| मिथुन – अलमल | कर्कट – चोरभय |
| सिंह – भयचिन्ता | कन्या – राज्यलाभ |
| तुला – धनखति | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – ईश्वरभक्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# ब्रह्माकुमारी राजयोगद्वारा पत्रकार सम्मानित

प्रस, निजगढ, २१ फागुन/

८५औं महाशिवरात्रि महोत्सव ज्ञान महायज्ञको अवसर पारेर बारा, पर्सा, रौतहट ५० जनाभन्दा बढी पत्रकारलाई शुक्रवार सम्मान गरिएको छ ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र क्षेत्रीय कार्यालय वीरगंजको आयोजनामा पिलुवास्थित ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको पिस पार्कमा आयोजित कार्यक्रममा सो सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि प्रदेश वन, उद्योग तथा वातावरण मन्त्रालयका मन्त्री रामनरेशराय यादवले उक्त सम्मानपत्र प्रदान गरेका थिए ।

वनक्षेत्र अतिक्रमण गरी निर्माणाधीन उक्त पिस पार्क कानूनीरूपमा पार्कको विकास, प्रवर्धन गर्न कानूनी बाधा, अडचनहरू फुकाएर अघि बढ्नुपर्ने र त्यसका लागि जिल्लाको डिभिजन वन कार्यालयलाई सहयोग गर्न प्रदेश वनमन्त्री यादवले निर्देशन दिए । "पार्क निर्माणको नाममा जङ्गल मास्न पाइँदैन । कानूनभन्दा माथि कोही पनि छैन । त्यसैले वन ऐन, नियम, कानूनको दायरामा बसेर गर्न सकिने कामहरू अघि बढाउन आफू र आफ्नो प्रदेश वन मन्त्रालय बाधक नबन्नेसमेत प्रदेश वनमन्त्री यादवले प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमका विशिष्ट अतिथि एवं प्रदेश सांसद ज्वालाकुमारी साहले व्यक्तिहरूद्वारा अतिक्रमण हुन लागेको वनक्षेत्रलाई ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले संरक्षण गरी पिस पार्क निर्माण गर्ने योजनाका साथ अघि बढेकोले यस भेगकै लागि मात्रै नभई प्रदेश नं २ कै आकर्षकको केन्द्र बन्ने विश्वास आफूमा रहेको बताउँदै सरकारले यसको विकास, संरक्षण, प्रवर्धनमा बेलैमा जोड दिनुपर्ने बताइन् ।


कार्यक्रममा मन्तव्य व्यक्त गर्दै मन्त्री रामनरेशराय यादव । तस्वीरः प्रतीक

कार्यक्रममा पूर्वसांसद शोभाकर पराजुली, डुमरवाना क्याम्पस प्रमुख राधेचन्द्र शिवाकोटी, पत्रकार गुरु गौतमलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र क्षेत्रीय कार्यालय वीरगंजकी रविणा दिदीको अध्यक्षमा सम्पन्न कार्यक्रममा वन निगम प्रमुख सुमन सिंह, डिभिजन वन कार्यालय बाराका प्रमुख मन्जुर अहमदलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन गुणराज लामिछानेले गरेका थिए ।

# खेलकूदको संसार

## जिल्लास्तरीय क्रिकेट टीम बनाउन अन्तरपालिका प्रतियोगिताको तयारी

प्रस, महोत्तरी, २१ फागुन/

जिल्ला क्रिकेट सङ्घ महोत्तरीले पालिकास्तरबाट खेलाडी चयन प्रक्रियालाई तीव्रता दिएको छ । स्व विशाल गुप्ता र कुन्दन सिंहको सम्झनामा हुन लागेको प्रतियोगिताका लागि स्थानीयस्तरबाट सम्भावनायुक्त खेलाडीहरू छनोट गर्ने प्रक्रिया शुरू भएको सङ्घले जनाएको छ ।

जिल्ला क्रिकेट सङ्घ महोत्तरीले आयोजना गर्न लागेको 'स्व विशाल गुप्ता एवं कुन्दन सिंह मेमोरियल जिल्ला अन्तरपालिकास्तरीय क्रिकेट प्रतियोगिता २०७७'का लागि जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासमेत १५ वटै पालिकालाई सहभागी गराइने योजना छ । प्रतियोगिताबाट अन्तर जिल्ला, प्रादेशिक र राष्ट्रिय प्रतियोगिताका लागि प्रतिभायुक्त तथा सम्भावित खेलाडी छनोट गरिने क्रिकेट सङ्घ महोत्तरीका अध्यक्ष रोशनकुमार सिंहले बताए ।

आउँदो चैत २२ गतेदेखि शुरू हुने प्रतियोगिताको माध्यमले भित्री गाउँ/नगर बस्तीमा ओझेलमा परेका खेलाडी उजागर हुने अपेक्षा लिएको उनले बताए । चैत २२ देखि वैशाख १० गतेसम्म जारी रहने प्रतियोगितामा अनुमानित ३२ लाख रुपैयाँ खर्च हुने आयोजक जिल्ला क्रिकेट सङ्घको अनुमान छ । प्रतियोगितामा प्रथम हुने टोलीलाई एक लाख एक हजार रुपैयाँ नगद पुरस्कार र दोस्रो हुने टोलीलाई रु ५१ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजक समितिले जनाएको छ ।

५० ओभरको खेलमा म्यान अफ दि सिरिजलाई रु २० हजार, इमर्जिङ प्लेयरलाई रु १५ हजार, बेस्ट ब्याट्सम्यान र बेस्ट बलरलाई रु १०/१० हजार नगद र हरेक खेलका म्यान अफ दि म्याच हुने खेलाडीलाई दुई हजार ५०० नगद पुरस्कार प्रदान गरी सम्मान गरिने अध्यक्ष सिंहले सञ्चारकर्मीहरूलाई जानकारी दिए ।

पालिकाको सहभागिता हुने प्रतियोगिताबाट हरेक पालिकाले पनि विभिन्न टोलबाट उत्कृष्ट खेलाडी छनोट गरी टीममा समावेश गर्ने भएकोले जिल्लाको उत्कृष्ट टोली बनाउन यो आयोजनाले सहयोग पुग्ने मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलको विश्वास व्यक्त गरे ।

# डिपिएसको १७औं वार्षिकोत्सव सम्पन्न

प्रस, वीरगंज, २१ फागुन/

दिल्ली पब्लिक स्कूल वीरगंजले १७औं वार्षिकोत्सव मनाएको छ ।

बाराको परवानीपुर गाउँपालिका वडा नं ४ चैनपुरस्थित विद्यालय परिसरमा विविध कार्यक्रम गरी वार्षिकोत्सव मनाइएको हो ।

कार्यक्रममा एलकेजीदेखि कक्षा १२ सम्मका विद्यार्थीले विविध प्रस्तुति प्रदर्शन गरेका थिए । कार्यक्रममा कराँते, कथक नृत्य (लावनी), नेपाली नृत्य, हिन्दी नृत्य, नाट्य कथा तथा नेपाली र अङ्ग्रेजी गीतमा गायन पनि प्रस्तुत गरिएको थियो ।





विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भिखमचन्द अग्रवालको अध्यक्षता तथा भारतीय महावाणिज्य दूतावासका कन्सुलर डा. कोट्रास्वामीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समिति सदस्य सत्यनारायण अग्रवाल, चौधरी ग्रुपका एडुकेशन हेड गर्ली अग्रवाल, सिजी फाउन्डेशनका एकेडेमिक हेड भूषणाचन्द सेन गुरुङलगायतको सहभागिता रहेको विद्यालयका प्रधानाध्यापक गौरीशङ्कर चौधरीले बताए । कार्यक्रमको अन्त्यमा विद्यालयका उपप्रधानाध्यापक रञ्जीव आनन्दले विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, सम्पूर्णमा धन्यावद ज्ञापन गरे ।

कार्यक्रममा प्रमुख अतिथि डा. स्वामीले विद्यार्थीहरूको चौतर्फी विकासको लागि अतिरिक्त क्रियाकलाप आवश्यक रहेको बताए । उनले डिपिएसले विद्यार्थीहरूको प्रतिभा निखार्न विविध क्रियाकलापहरू समेटर कार्यक्रम गरेकोमा प्रशंसा गरे ।

# १४ वर्षपछि दास पक्राउ

प्रस, वीरगंज, २१ फागुन/

जिल्ला प्रहरी कार्यालय, बाराले मानव बेचबिखन तथा ओसारपसार मुद्दामा फरार एकजना अभियुक्तलाई १४ वर्षपछि पक्राउ गरी बारा जिल्ला अदालतमा हाजिर गराएको छ ।

करैयामाई गाउँपालिका-८ निवासी जगदीश दासलाई शुक्रवार बिहान पक्राउ गरेको र बारा जिल्ला अदालतमा हाजिर गराएको बारा प्रहरीका प्रवक्ता प्रनाउ गौतम मिश्रले बताए । २०६३/८/२१ गते काठमाडौंबाट सो गाउँपालिकामा आएको यात्रीवाहक बसबाट भक्तपुर मध्यपुर ठिमी नगरपालिका-१५ बस्ने ताराकुमार खत्रीलाई दासलगायतका व्यक्तिहरूले अपहरण गरेर राखेको



ठाउँबाट अपहृत खत्री फरार भएर उनीहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय बारामा मुद्दा दिएको र सोही बखतदेखि साह फरार थिए । खत्रीलाई साहको घरमा बन्धक बनाइ राखिएको थियो । साहको बारेमा सूचना प्राप्त भएपछि आज बिहान पक्राउ गरेको प्रहरीले जनाएको छ ।

# हराएका बालक शाहीद फेला परेनन्

प्रस, वीरगंज, २१ फागुन/

जीतपुरसिमरा उपमहानगर-२३ भलुवहीबाट हराएका १४ वर्षीय बालक शाहीद हुसेन मियाँ मन्सुरी अझै फेला परेका छैनन् ।

फागुन ११ गते राति ११ बजे भलुवहीमा आएको जन्ती हेर्ने क्रममा बाहिरिएका मन्सुरी त्यसपछि देखा नपरेको उनका हजुरबुबा राजमियाँ मन्सुरीले बताए । हराएको भोलिपल्ट बिहान प्रहरीमा हजुरबुबाले निवेदन दिएको र अहिलेसम्म निज बालकको पत्ता नलागेको बुझिन आएको छ । हराएका बालक मन्सुरी परवानीपुरस्थित ज्ञानसागर एकेडेमीमा कक्षा ७ मा अध्ययनरत थिए । रातो टिसर्ट, नीलो


शाहीद हुसेन मियाँ मन्सुरी

जिन्स र जुत्ता लगाएको अवस्थामा हराएका मन्सुरीको बारेमा सूचना पाउनेले नजीकको प्रहरी चौकीमा खबर गर्न बुबा जाकिर हुसेन मियाँ मन्सुरीले आग्रह गरेका छन् ।




**अनाथालय.....**

शुभ दिनमा अनाथ बालबालिकाको सेवा गरेर खुशी पार्न पाउँदा मानिसको मनमा हुने सन्तुष्टिको लागि अनाथ बालबालिकालाई धेरैले सहयोग गर्ने गरेका छन् ।

अनाथालयका संस्थापक वंशीराम जयसवाल अब निकै कमजोर भइसकेका छन् । अनाथालयमा आफू २५ वर्षदेखि अनाथ बालबालिकाको निस्स्वार्थ सेवा गर्दै जयसवाल आफ्नो जीवनलाई सार्थक बनाइसकेका छन् । धेरैको नजरमा जयसवाल मानिसबाट अब देउता बनिसकेका छन् ।

वयोवृद्ध अवस्थामा अत्यन्त कमजोर भइसकेका जयसवाल अझै पनि उनै अनाथ बालबालिकाका बीचमा छन् । अनाथ बालबालिकाको सेवा गर्ने सपना साकार पारेका जयसवाल उनै अनाथ बालबालिकाको सेवा जीवनको अन्तिम वर्षहरूमा पाइरहेका छन् ।

जसले अनाथको सेवा गरे, उनैले अनाथको सेवा पनि पाइरहेका छन् ।

अभाव र अनेक समस्याले जुधिरहने अनाथालयका बालबालिकालाई स्वास्थ्यको ठूलो समस्या हुने गरेकोमा जयसवालले कम्तीमा एक करोडको अक्षयकोष स्थापना गर्ने सपना देखेका छन् । विभिन्न स्थानीय तह तथा केही मनकारीहरूले यस अक्षयकोषमा रकम जम्मा गरिरहेका छन् । यस आर्थिक वर्षमा एक करोडको अक्षयकोष स्थापना गर्ने सपना पूरा होला कि भन्ने आशा ओछ्यानमा पल्टिरहेका वयोवृद्ध जयसवालको रहेको छ । अनाथ बालबालिकाले त्यसै अक्षयकोषको ब्याजबाट आउने रकमले उपचार गराउन पाऊन् भन्ने सपना मात्र बाँकी छ जयसवालको ।

"एउटा सानो परिवारमा त अनेक किसिमका समस्याहरू आइरहन्छन् भने करीब तीसजनाको अनाथालय परिवारमा पनि आर्थिक समस्या तथा स्वास्थ्य समस्या आइरहन्छन् र जसोतसो समाधान पनि भइरहन्छन्," कश्यप भन्छन्, "अनाथ बालबालिकाको खाद्यान्नको समस्याले भने निरन्तर सताइरहन्छ ।"

निकै टाढाबाट आएर तथा बारम्बार सहयोग पठाइदिएर प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माले अनाथालयलाई गरिरहेको सहयोग अविस्मरणीय भएको बताउँदै कश्यपले सिङ्गो वीरगंज र पर्सा जिल्लाप्रति नै अनाथ बालबालिकाको तर्फबाट आभार व्यक्त गर्दछन् ।

कोही मनकारीहरू छलफल गरेर एक/एक महीनाको गरेर १२ जना वा एक/एक दिनको गरेर ३६५ जना व्यक्ति वा संस्थाले अनाथ बालबालिकाको खाद्यान्न पुऱ्याइदिने जिम्मा लिए अनाथालयले खाद्यान्नबाहेक शिक्षा, स्वास्थ्य तथा अनाथ बालबालिकाको अन्य दृष्टिकोणले व्यक्तित्व विकासमा ध्यान दिन पाउँथ्यो कि ?

# विद्यार्थीहरूलाई ट्राफिक नियमबारे सचेतना

प्रस, पर्सागढी, २१ फागुन/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा अन्तर्गतको अस्थायी ट्राफिक प्रहरी कार्यालयले पर्सा र बाराका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई ट्राफिक नियमसम्बन्धी जानकारी गराएको छ ।



अस्थायी ट्राफिक प्रहरी कार्यालय परवानीपुरका प्रमुख लेखनाथ पुरी, जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रनि सुमन कार्कीले पर्सा र बाराका विभिन्न विद्यालयमा अध्ययनरत ५ सयभन्दा बढी विद्यार्थीलाई सवारी नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना गरी प्रशिक्षण दिएका थिए ।

विद्यार्थीहरूबाट ट्राफिक नियमको पालना गराउने काम प्रभावकारी देखिएकोले उनीहरूलाई विद्यालय तहबाट ट्राफिक नियमसम्बन्धी जानकारी गराउने उद्देश्यले प्रशिक्षण दिएको प्रनि कार्कीले बताए । उनले ट्राफिक नियम पालना गरेर सवारीसाधन चलाउँदा दुर्घटना न्यूनीकरण हुनेबारे जानकारी गराएका थिए ।

लिटिल फ्लावर मावि लालपर्सा, ज्ञानसागर एकेडेमी, जिनुस एकेडेमी, मोर्डन मावि, जनता माविलगायतका विद्यालयमा ट्राफिक नियमसम्बन्धी प्रशिक्षण दिइएको थियो ।